# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जुनसुकै भाषा, साहित्य तथा संस्कृति सर्वप्रथम लोक प्रचलित गीत, नृत्य तथा चाडवाडका ढुकढुकीसँग गाँसिएर आएको देखिन्छ । अझ स्पष्ट रुपमा भन्ने हो भने लोकगीत मानव सभ्यताको विकाससँगसँगै प्रारम्भ भएको मानिन्छ । लोकसाहित्यका विभिन्न विधाहरु (लोकगीत, लोककथा, लोकनाटक आदि) लोकगीतहरुलाई सर्वप्राचीन र सर्वप्रिय विधा मानिन्छ । ग्रामीण लोकजीवनका विविध पक्षहरु सामाजिक, सांस्कृतिक चालचलन, सुख-दुःख, हर्ष-पीडा, आशा-निराशा, उत्साह-उमङ्ग, प्रेम प्रसङ्ग आदिका अभिव्यक्तिको सशक्त माध्यम लोकगीत हो । कुनैपनि समाजको विगतको इतिहास, त्यहाँको आर्थिक, सामाजिक, शैक्षिक अवस्था, चेतनाको स्तर र अन्य विविध पक्षहरुका वारेमा जिज्ञासा मेट्न सम्बन्धित समाजमा प्रचलित लोकगीतको अध्ययन गर्नु आवश्यक हुन आउँछ । किनभने लोकगीत लोकको इतिहास हो र वर्तमान भविष्यको सूचक पनि हो । भाषाको वैचारिक सम्प्रेषणमा लोक भावनाका गीतहरुको विशेषता रहने र त्यसले शैक्षणिक कोणबाट पनि विषयवस्तुको प्रस्तुतिमा रोचकता ल्याउने हुनाले शिक्षणमा यस्ता लोकगीतहरुको उपयोगिता प्रारम्भिकालदेखि हुँदै आइरहेकोले यस प्रकारका खोज अनुसन्धानमा पनि यसलाई स्थान दिनु आवश्यक देखिन्छ ।

यसै सन्दर्भमा आधारित प्रस्तुत अध्ययनमा लोकगीतलाई र विषय स्रोतमा ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.प्रचलित लोकगीतलाई लिइएको हो । ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.प्रचलित प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक विविधताले भरिपूर्ण गा.वि.स. हो । यहाँ विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । उनीहरुका आ-आफ्नै सामाजिक,सांस्कृतिक परम्परा छन् । यहाँ व्रतवन्ध, विवाह र मृत्यु जस्ता संस्कार कर्म र तीज, दशैँ, तिहार आदि महत्वपूर्ण चाडहरु मनाइन्छन् । यी चाडपर्व र संस्कार कर्म मनाउँदा ती संस्कारहरुसँग सम्बन्धित गीतहरु गाएर मनोरञ्जन गर्ने परम्पपरा रहेको छ । यहाँ भजन,वालन, सिलोक, सँगिनी जस्ता गीतहरु अत्यन्त लोकप्रिय रहेका छन् । यहाँ विवाह संस्कार, सिलोक, रत्यौली  र खाँडोगीत गाउने प्रचलन पनि रहेको छ । त्यस्तै यहाँ तीजमा तीजे, सँगिनी र

तिहारमा देउसी, भैलो गीत गाइन्छन् । यहाँ असारे, दाइँ जस्ता कर्मगीतहरु पनि गाइन्छन् । यस्ता गीतहरुमा स्थानीय लोकजीवनका  विशुद्ध अभिव्यक्ति प्रकट भएका हुन्छन् ।

यता आएर आधुनिक सञ्चार माध्यमका साथ-साथै नेपालमा भित्रिएका हिन्दी, अङ्ग्रेजी गीतका प्रभावले गर्दा स्थनीय मूल्य, मान्यता र परम्परालाई प्रतिविम्बित गर्ने लोकगीतहरु ओझेलमा पर्न थालेका छन् । यही समस्यालाई मध्येनजर गरेर ओखलढुङ्गा जिल्लाको बल्खु गा.वि.स.मा त्यस्ता लोकगीतहरु हराउँदै नजाओस् भन्ने सचेतता र स्नातकोत्तर उपाधिको आवश्यकता समेत पूर्ति होस् भन्ने पृष्ठभूमिमा आधारित रहँदै यहाँका लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषणका सन्दर्भममा प्रस्तुत अध्ययन अनुसन्धान गर्न लागिएको हो । अनुसन्धानका समस्या र  उद्देश्यमा शैक्षणिक दृष्टिले लोकगीतको उपयोगितालाई दर्शाउनु रहेकोले यही पृष्ठभूमिमा यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.२ समस्याकथन

नेपाली लोक साहित्यमा मात्र नभई लिखित साहित्यको समृद्धिका लागि समेत लाकगीत बलियो आधार स्तम्भका रुपमा रहेको छ । नेपाली लोकजीवनका विविध अनुभूतिहरु लेकगीत मार्फत् अभिव्यक्त भएका हुन्छन् । बल्खु गा.वि.स.मा पनि त्यस्ता लोक गीतहरु प्रशस्त पात्रामा रहेका छन् । तर,यहाँका लोकगीतका बारेमा व्यवस्थित किसिमले हालसम्म अध्ययन र अनुसन्धान भएको पाइँदैन । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा आधारित भई गरिएको छ :

(१) ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.मा के-कस्ता लोकगीतहरु प्रचलित छन् ?

(२) बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुलाई के-कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ?

(३) बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुलाई विषयवस्तु, प्रस्तुति, संरचना र भाषाशैलीका आधारमा शैक्षणिक उपयोगमा के-कसरी प्रयोग गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन उपर्युक्त समस्यामा आधारित भएर गरिने हुँदा यस शोध अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् :

(क) ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुको सङ्कलन गर्नु,

(ख) बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुको वर्गीकरण गर्नु,

(ग) बल्खु गा.वि.स.मा प्रचलित लोकगीतहरुको विषयवस्तु, प्रस्तुति, संरचना र भाषाशैलीका आधारमा शैक्षणिक उपयोगको सन्दर्भ पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

लोकगीतमा लोकजीवनका विविध पक्ष सुख-दुःख, आँसु-हाँसो, तीता मीठा अनुभव, धर्म संस्कृति जस्ता कुराहरु अभिव्यक्त भएका हुन्छन् । आजको पश्चिमी सभ्यता, संस्कृति र आधुनिक सञ्चार माध्यमको विकास सँग-सँगै स्थानीय मूल्य र मान्यतालाई झल्काउने लोकगीतहरु ओझेलमा पर्दै गएको अवस्थामा लोकगीतको अध्ययन, अनुसन्धान र सम्बर्द्धन गरिनु अति आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखी ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.मा जनगलामा छरिएर रहेका लोगीतहरुलाई शैक्षणिक उपयोगका दृष्टिले गरिएको प्रस्तुत अध्ययन प्रतिवेदनले सङ्कलित गर्ने महत्वपूर्ण कार्य गर्ने हुनाले यसको महत्व र औचित्व स्वतः प्रस्टिने छ ।

## १.५ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यका क्षेत्रमा लोकगीतको क्षेत्र व्यापक भए पनि यस अध्ययन प्रतिवेदनमा बल्खु गा.वि.स.मा नेपाली भाषामा प्रचलित लोकगीतहरु मात्र सङ्कलन गरी तिनको शैक्षणिक उपयोगिताको पहिचानमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६ शोधपत्रको रुपरेखा

यस अध्ययनको रुपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भसामग्रीसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

राष्ट्रियस्तरमा नेपाली लोकगीतको अध्ययन गर्ने र यसलाई शिक्षणअध्ययन कार्यमा ल्याउने प्रयास विभिन्न विद्वानहरुबाट हुँदै आइरहेको पाइन्छ । हाल नेपाली साहित्यको अध्ययन अनुसन्धानको क्रममा निश्चित क्षेत्र र भाषाका लोगीतहरुको अध्ययन, सङ्कलन र सम्पादन गर्ने प्रयासहरु भइरहेका छन् । यसले मातृभाषामा पठन पाठन गर्ने गराउने कार्यमा निश्चय नै सहयोग पु-याउने देखिन्छ तर हालसम्म ओखलढुङ्गा जिल्ला बलखु गा.वि.स.मा केन्द्रित भएर यहाँ प्रचलित सबै प्रकारका लोकगीतहरुका वारेमा अध्ययन, अनुसन्धान गर्ने कार्य नभए तापनि राष्ट्रिय स्तरमा वा क्षेत्रीयस्तरमा भएको केही पूर्वकार्यहरु नै प्रस्तुत अध्ययन प्रतिवेदनका निमित्त सान्दर्भिक रहेका छन् र तिनै पूर्वकार्यहरु वारे यहाँ क्रमशः चर्चा गरिएको छ :

कन्दङ्वा, काजीमान (२०२०) ले आफ्नो **नेपाली जनसाहित्य** पुस्तकमा लोकजीवनमा मौलाएर रहेको गीतलाई लोकगीतका रुपमा चिनाउनुका साथै नेपाली लोकगीतको सृजनस्थल नेपाली गाउँघर नै हो भनेका छन् । यसमा नेपालको पूर्वी भेगमा प्रचलित केही गीतहरु सङ्कलित छन् । तर ओखलढुङ्गा जिल्ला बल्खु गा.वि.स.मा प्रचलित सबैप्रकारका गीतहरु भने समेटिन सकेको पाइँदैन ।

कोइराला, कृष्णराज (२०४९) द्वारा **नेपाली लोकगीतसंग्रह** भन्ने पुस्तकमा विभिन्न क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरु र ती गीत गाइने स्थलको नाम समेत उल्लेख गरेका छन् । यसमा ओखलढुङ्गा जिल्लाको बलखु गा.वि.स.मा प्रचलित केही लोक गीतहरु समेटिएका भए पनि यहाँ प्रचलित सबै प्रकारका नेपाली लोकगीतहरुको वर्गीकरण र विश्लेषण गर्ने काम भने भएको पाइँदैन ।

कोइराला शम्भुप्रसाद (२०५५ ) द्वारा **लोकसाहित्य : सिद्वान्त र विश्लेषण** भन्ने पुस्तकमा लोकगीतको सैद्वान्तिक चर्चा गर्नुका साथै लोकगीतको वर्गीकरण गर्ने क्रममा बलखु गा.वि.स.का

केही लोकगीतहरु उदाहरणका रुपमा प्रस्तुत गरेका छन् । तर त्यसमा बल्खु गा.वि.स. मा प्रचलित लोकगीतका बारेमा छुट्टै चर्चा गरेको पाइँदैन ।

थापा, धर्मराजद्वारा (२०३२) **मेरो नेपाल भ्रमण** भन्ने पुस्तकमा मोरङ जिल्लासम्म पुगेर त्यहाँका झागड जातिको संस्कृतिमा लोकगीतको प्रचलन भएको बताएका छन् । तर उनले बलखु गा.वि.स.तिर छिरेर नेपाली भाषामा प्रचलित लोकगीतका बारेमा कुनै चर्चा गरेको पाइँदैन ।

नेपालको पूर्वी भेगमा लोकप्रिय रहेका संगिनी, बालन, असारे जस्ता केही लोकगीतहरुको सामान्य चर्चा पाइन्छ तर यी बाहेक कतिपय पूर्वाध्ययनहरुमा यस जिल्लामै केन्द्रित भएर यहाँ प्रचलित, लोकगीतहरुको विस्तृत रुपमा अध्ययन भएको पाइँदैन । त्यसैले बलखु गा.वि.स.मा केन्द्रित भएर लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी यसलाई शैक्षणिक उपयोगका दृष्टिले सन्दर्भित गर्नु प्रस्तुत अध्ययन प्रतिवेदन पहिलो प्रयास हुनेछ ।

## २.२ पूर्वाध्ययनको उपादेयता

भाषा शिक्षणमा साहित्यलाई साधनका रुपमा लिइन्छ । साहित्यले भाषिक सिपमार्फत् ग्रहण तथा अभिव्यक्ति क्षमतालाई खार्ने हुँदा साहित्यको प्रभावकारी अङ्ग रहँदै आएको लोकगीतहरु यस कार्यमा स्वतः उपयोगी हुने नै भए । त्यसमा पनि नेपालका विभिन्न स्थानमा प्रचलित लोकगीतका भाषिक संरचना, विषयवस्तु तथा प्रस्तुतिगत विशेषताले स्तरीयता र पठन पाठनमा सहयोग गर्ने हुँदा सम्बन्धित सबैलाई यो अध्ययन उपयोगी हुने विश्वास लिइएको छ ।

## २.३ लोकगीतको सैद्धान्तिक परिचय

### २.३.१ लोकगीतको परिचय

'साहित्य' शब्दमा 'लोक' पूर्वपद मिलेर 'लोकसाहित्य' शब्द बनेको हो । 'लोक' शब्दको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ । वैदिक कालमा 'लोक' भनेर दिव्य र पार्थिक दुवैलाई लिइएको बुझिन्छ ( थापा, धर्मराज, २०३० :१३) । 'लोक' शब्द संस्कृतको लोके दर्शने धातुमा 'घत्र' (अ) प्रत्यय लागेर बनेको हो (**थापा, गण्डकीका सुसेली** ) ।

हिन्दी साहित्यकोश अनुसार 'लोक' भनेको मानव समाजको वर्ग हो, जो अभिजात्य संस्कार, शास्त्रीय, पाण्डित्य चेतना र पाण्डित्यको अहङ्कारले शून्य हुन्छ र जो एक परम्पराको प्रवाहमा जीवित रहिरहन्छ ( वर्मा, धीरेन्द्र र अन्य, २०१६ : ६८५/८६) । त्यस्तै 'साहित्य' शब्द 'सहित' मा 'घञ' (य) प्रत्यय लागेर बनेको छ । जसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव वा जनताका कल्याणका भावनाले प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने हुन्छ । यसलाई ग्राम्यसाहित्य, जनसाहित्य पनि भन्ने गरेको पाइन्छ ।

लोकमानसको सामूहिक भावभूमिलाई अभिव्यक्ति दिने लोक साहित्यमा राष्ट्रियता समेत प्रतिविम्बित भएको हुन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मौखिक रुपमै जीवित रही आएको लोकसाहित्य निरन्तर गतिशील हुन्छ । समग्रमा भन्नुपर्दा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोकसाहित्य हो (त्रिपाठी, २०३२ : ३) । यसलाई लिखित साहित्यको आधारशिला पनि मानिन्छ ।

लोकजीवनको छायाँमा अङ्कुरित हुनेहुँदा लोकसाहित्यले लोकजीवनको क्षेत्रविशेषको संस्कृति, मनोविज्ञान, चेतनाको स्तर, रहन-सहन, चिन्तन प्रक्रिया आदिको ज्ञान गराउँछ (घिमिरे, २०५४ : ८७ ) ।

आधुनिक सभ्यताको प्रभावबाट टाढा रहने लोकसाहित्य आदिम मानवका सांस्कृतिक अवशेषसमेत प्राप्त गर्न सकिन्छ । लोकसाहित्यले लोकसंस्कृतिको बाहकको समेत काम गर्दै आएको छ । कुनै पनि जातिको लोकसाहित्यको विस्तृत रुपमा आध्ययन गरेपछि त्यस जातिको सभ्यता संस्कृतिको परिचय पाउन सकिन्छ । समाजको सामुहिक सृजनाका रुपमा रहने लोकसाहित्यमा जनमानसको सहज तथा स्वतस्फूर्त अभिव्यक्ति प्रकट भएको हुन्छ । लोकसाहित्य कुनै व्यक्ति विशेषले रचना गरे तापनि त्यो रचना उसको वैयक्तिक सृजना नभई समग्र लोकको साझा हुन्छ । त्यस्तै लोकसाहित्यमा रचयिताको त्यति महत्व रहँदैन । यसमा जनमानसका हर्ष-विस्मातका, सुख दुःखका भावना सहज र स्वाभाविक रुपमा व्यक्त भएका हुन्छन् । लोकसाहित्यमा पाइने यस्तै आफ्नोपन र मौलिकताले गर्दा नै यसलाई लोकजगत्मा युगौंदेखि हुर्काउँदै ल्याइएको छ र कालान्तरसम्म यसको अस्तित्व अक्षुण्ण रहिरहने देखिन्छ ( पराजुली, २०५७ : ३०) ।

सामान्यतः लोकसाहित्यमा 'लोक' शब्दले जन वा संसार भन्ने अर्थ ग्रहण गर्दछ । शब्दकोशमा 'लोक' शब्दका विभिन्न अर्थ लगाइएका छन्, जस्तै : समाज, जनता, जगत, दुनियाँ, प्राणी (शर्मा, २०५८ : ११७४) ।

## २.३.२ लोकगीतको परिभाषा

लोकगीत लोकसाहित्यका विविध विधा (लोकगीत, लोककथा, लोकगाथा, लोकनाट्य, लोकोक्ति) मध्येको एक प्रमुख विधा हो । यो लोकको सबैभन्दा प्रचलित र लोकप्रिय विधाका रुपमा रहेको छ । मानव समाजको विकाससँगसँगै प्रारम्भ भएर हालसम्म लोकप्रिय र व्यापक रुपमा फैलिएको  लोकगीतमा लोकजीवनका दुःख- सुख, आँशु-हाँसो, तीता-मीठा अनुभव, धर्म, संस्कृति जस्ता कुरा प्रकट भएका हुन्छन् । लोकमा परम्परादेखि मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्ता, एक गलाबाट अर्को गला सर्दै, जीवित रहँदै आएका लोकगीतहरु समग्र लोककै साझा सम्पतिका रुपमा रहेका हुन्छन् ।

लोकगीतलाई विभिन्न विद्वान, लोकसाहित्यका अध्येताहरुका साथै विभिन्न कोशहरुमा पनि परिभाषित गर्ने प्रयास भएको छ । यसै क्रममा 'हिन्दी साहित्यकोश'मा लोकगीतका तीन अर्थ लगाइएका छन् : (१) लोकमा प्रचलित गीत, (२) लोक निर्मित गीत, (३) लोकविषयक गीत (वर्मा, धीरेन्द्र र अन्य (सम्पा.) पूर्ववत् पृ.७५०) ।

'नेपाली बृहत् शब्दकोश'मा लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत हो भनी अर्थ्याइएको पाइन्छ (पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) २०४० : ११८८) ।

लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले लोकगीतको परिभाषा गर्दै भनेका छन् - 'लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जवुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरुमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने र बेला बेलामा स्वयमेव उद्गारको रुपमा लयदार तरङ्गमा काव्यमय शैलीझैँ निस्किन्छन् (जोशी, सत्यमोहन, २०१३ :१४५) ।

"लोकगीत भनेको हरेक समाजको दुःख सुखको अनुभूतिले भरिएको एक मौलिक इतिहास हो (लोहनी,२०२२ : १) ।"

लोकसाहित्यका अध्येता कालीभक्त पन्तका अनुसार लोकगीत भनेको जीवनगीतका आदिम स्रोत हुन् (पन्त,२०२८:२८) ।

नेपाली लोकगीतका अध्येता र सङ्कलनकर्ता धर्मराज थापाले लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरुलाई स्पष्ट र यर्थाथ रुपमा प्रस्तुत गर्दछ भनेका छन् ।

"काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयद्रावक शैली र कोमल पद रचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् (पराजुली, २०४५:८६) ।"

कृष्णप्रसाद पराजुलीले "लोकगीत भनेको नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई नै शीतलता दिने काम गरिरहन्छ" भनेका छन् (पराजुली, पूर्ववत् : ४३) ।

यसरी विभिन्न विद्वान् तथा लोकसाहित्यका अध्येताहरुले आ-आफ्नो किसिमले लोकगीतलाई परिभाषित गरेको पाइन्छ । यी परिभाषाहरुका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने लोकगीत भनेको मानव सभ्यताको सुरुवातदेखिनै मौखिक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्ता, एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै आएको, आधुनिक सभ्यता र संस्कृतिबाट टाढै रहेको सरल, सहज र सुमधुर र स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा सामान्य अशिक्षित ग्रामीण जनताका आडम्बरविहीन अभिव्यक्ति प्रस्फुटित भएका हुन्छन् । यसले मानव जीवनका दुःख सुख, हर्षपीडा, आँसु-हाँसो, मिलन-विछोड जस्ता विविध अनुभूतिरुलाई सहज र हृदयग्राही रुपमा प्रकट गर्न मद्दत गर्दछ । स्वतन्त्र रुपमा लोकजीवनका तीता-मीठा अनुभव लोकगीतमा समेटिएका हुन्छन् । यिनै विविध कारणले गर्दा लोकगीत लोकसाहित्यको मात्र नभई समग्र साहित्यकै आधारशिला बन्न पुगेको हो ।

## २.३.३ लोकगीतको वर्गीकरण

लोकगीत निरन्तर गतिशील रहने विधा हो । यसलाई स्वदेशी तथा विदेशी विद्वानहरुले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । यस सन्दर्भमा लोकसाहित्यका अध्येता कालीभक्त पन्तले लोकगीतका नौ प्रकार देखाएका छन् (पन्त, पूर्ववत् : पृ.१४८-५०) ।

१) राष्ट्रिय गीत

२) जिल्लास्तरीय गीत- जुम्ली, जनकपुरे

३) ग्रामस्तरीय गीत - बाहुनगीत, भजन, चुट्का र रोइला, कुमाल गीत

४) भाषास्तरीय गीत- नेवार, तामाङ र शेर्पा गीत

५) कार्यस्तरीय गीत- असारे, दाइँ

६) लोकनाट्यस्तरीय गीत- बालन, कौरा, घाटु, सोरठी

७) पर्वस्तरीय गीत - मालश्री, भैलो, तीजे, महाल, रत्यौली

८) ऋतुस्तरीय गीत - फगुवा, वासन्ती

टेकबहादुर खत्रीले नेपाली लोकगीतलाई निम्नलिखित सात वर्गमा विभक्त गरेका छन् :

१) वीररस र करुणरसका - लोकगीत कर्खा

२) घटनाप्रधान लोकगीत - सिलोक, सवाई

३) चाडपर्वका लोकगीत- भैलो, देउसी

४) विवाहपर्वमा गाइने लोकगीत- खाँडो, रत्यौली

५) नृत्यगीतहरु- देउडा, घाटु

६) भवनका रुपमा गाइने लोकगीत- बालन, सँगिनी

७) दोहोरी लोकगीत- घाँसी गीत, असारे गीत ( **खत्री, २०३२:१७**) ।

दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण यसरी गरेका छन् :

१) संस्कार सम्बन्धी लोकगीत

२) ऋतुकालिन लोकगीत

३) क्रियासम्बन्धी लोकगीत

४) विवध ( **श्रेष्ठ, २०३८: १५**) ।

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतर्ला सात वर्गमा विभक्त गरेका छन् :

१) सामान्य गीत

२) संस्कार गीत

३) ऋतुगीत वा व्रतसम्बन्धी गीत

४) कर्मगीत

५) पर्वगीत

६) लोकनृत्य गीत

७) विविध ( **थापा, धर्मराज र हंसपुरे सुवेदी , २०४१ : ८२** )

नेपाली लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतका आठ प्रकार देखाएका छन् :

१) भजनका रुपमा गाइने लोकगीत - चुड्का, बालन

२) नृत्यसँग गाँसिएका लोकगीत - सोरठी, मारुनी, घाटु

३) प्रेममय जीवनसँग समन्वय भएका लोकगीत - सोरठी

४) चाडबाडसँग समन्वय भएका लोकगीत - सँगिनी, देउसुरे

५) सामयिक लोकगीत - मालश्री, दाइँगीत

६) युद्धक्षेत्रमा प्राणसञ्चार गर्ने लोकगीत- कर्खा

७) कथा गाँसिएका लोकगीत- चरित्र

८) उत्सवमा झिकिने गीत, चरित्र, रत्यौली (**जोशी, २०४१:१४५**) ।

त्यस्तै शम्भुप्रसाद कोइरालाले लोकगीतलाई ८ प्रकारमा वर्गीकरण गरी त्यसको उदाहरण सहित चर्चा गरेका छन् :

(१) बाह्रमासे गीत

(२) ऋतुसम्वन्धी गीत

(३) व्रतसम्वन्धी गीत

(४) संस्कार गीत

(५) नृत्यगीत

(६) श्रम सम्वन्धी गीत

(७ ) पर्वगीत

(८) विविध

यसरी अनेक स्वदेशी तथा विदेशी लोकसाहित्यविद्हरुले विभिन्न आधारमा लोकगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् । लोकगीतको विषय अत्यन्तै व्यपाक र विस्तृत हुन्छ । यस कारण यसको सर्वसम्मत र  सर्वमान्य वर्गीकरण गर्नु अत्यन्त कठिन कार्य मानिन्छ । त्यसैले उपयुक्त वर्गीकरणहरु मध्ये कुनै एउटालाई सर्वसम्मत मान्न सकिन्न । लोकगीत निरन्तर गतिशील विधा हो । यति हुँदाहुँदै पनि विभिन्न विद्धान्हरुले गरेको लोकगीतका उपर्युक्त वर्गीकरणलाई आधार वनाएर निम्नानुसार लोकगीतको वर्गीरण गर्न सकिन्छ :-

(१) बाह्रमासे लोकगीत- एकोहोरी गीत, दोहोरी गीत, वालन, सङ्गिनी, भजन, बालगीत

(२) कर्मगीत- असारे गीत, दाइँ गीत

(३) पर्वगीत- देउसी, भैलो, तीजे आदि

(४) संस्कारगीत- रत्यौली, सिलोक, खाँडो

### २.३.४ लोकगीतको विशेषता

लोकगीत लोकसाहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसमा जनमानसका सुख-दुःख,आँसु-हासो, हर्ष-पीडा ,मिलन-बिछोड, आशा-निराशाका साथै लोकका चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरुको समेत चित्रण भएको हुन्छ । मानव समाजको विकास सँगसँगै अस्तित्वमा आई एक गलाबाट अर्को गला, एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा सर्दै जाने क्रममा लोकगीतमा अनेक परिवर्तन हुँदै आएको पाइन्छ । यसरी प्राचीन समयदेखि अर्थात् मानव समाजको विकाससँगै प्रारम्भ भई हालसम्म पनि विर्स्तत परिवेश ओोष्ट्न सफल लोकगीतका प्रकृति र विशेषता विविध हुन सक्छन् । यहाँ लोकगीत विधाका त्यस्ता प्रकृति र विशेषताहरुको पहिचान गरी उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

लोकगीतका अध्येताहरुले लोकगीतका विशेषताहरु पनि औल्याएका छन् । यसै क्रममा नेपाली साहित्यका अध्येता धर्मराज थापाले लोकगीतका ७ प्रकारका विशेषता देखाएका छन् । (थापा, धर्मराज, पूर्ववत् :१० गण्डकीका सुसेली) जस्तै :

(१) भनाइमा तीव्रता हुनु,

(२) प्रवाहमय गेयात्मकता हुन,

(३) सरलता र सहजतासँग मितेरी लाएको हुनु,

(४) स्वाभाविकताले भरपुर हुनु,

(५) प्रकृतिसँग तादात्मय भई हार्दिक अभिव्यक्ति पोख्नु ।

(६) हृदयबाट उद्‌गारित भई उत्तराधिकारी (लय-भाका )सिर्जना गरी बिस्तारै पुरानो बन्नु,

(७) समसामयिक वातावरण वा स्थानीय परिचयका साथै अलपिएको हुनु ।

लोकगीतका यी विशेषताहरु सङ्केतका रुपमा मात्र आएका छन् । यी विशेषताका बारेमा विस्तृत व्याख्या र विवेचना गरिएको छैन । जनमानसमा लोकप्रिय रहेको लोकगीतका विशेषता

औँल्याउने क्रममा शम्भुप्रसाद कोइरालाले नेपाली लोकगीतका निम्नलिखित विशेषता देखाई तिनको संक्षिप्त व्याख्या पनि गरेका छन् : ( कोइराला, शम्भुप्रसाद, पूर्ववत् : ३६) ।

(१) श्रुतिस्मृति परम्परा

(२) लयात्मक तीव्रता

(३) स्वत:स्फूर्त प्राकृत अभिव्यक्ति

(४) स्थान र सामयिकताको प्रभाव

(५) सरल एवम् स्वाभाविक गेयता

(६) प्रभावपूर्ण स्थल चित्रण

त्यस्तै लोकसाहित्यका अध्येता कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतका ७ प्रकारका विशेषता देखाएका छन् तिनको चर्चा समेत गरेका छन् ( पराजुली,कृष्णप्रसाद, पूर्ववत् :१३८-१४०) ।

(१) अज्ञात रचयिता

(२) सामुहिक भावभूति

(३) सहजता र स्वाभाविकता

(४) मौखिक परम्परा

(५) मौलिकता र सरलता

(६) कथन विविधता

(७) स्वच्छन्दता

यसरी विभिन्न अध्येताहरुले विभिन्न किसिमले लोकगीतका विशेषताहरु औँल्याएका छन् । सहज, सृजनशील र निरन्तर गतिशील लोकगीतका प्रमुख विशेषता सरलता, सहजता, स्वाभाविकता, स्वच्छता, साङ्गीतिकता आदि मानिन्छन् ।

लोकगीत लोकको उकाली-ओराली, घाँस-दाउरा, मेला-पात, लेक-बेसी गर्दा समय कटाउने रमाइलो साथी हो । हाम्रा गाउँघरमा केटाकेटी, बूढाबूढी सबैका कण्ठ-कण्ठबाट लोकगीतका भाका गुन्जने गर्दछन् । ग्रामीण बासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तीता-मीठा भावनाहरु व्यक्त भएका हुन्छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण, समाजमा हुने विविध व्यवहारको वयान समेत गरिएको हुन्छ ।

लोकगीत लोकको साझा सम्पत्ति हो । सुरुमा कुनै एक व्यक्तिले मात्र गाए तापनि लोकगीत उसको निजी हुँदैन । त्यसलाई लोकले सहज रुपमा अपनाउँछ र त्यो समग्र लोककै साझा सम्पत्ति बन्न पुग्दछ । यसरी लोकगीतका अनेक विशेषताहरु छन् । तापनि समग्रमा लोकगीतका विशेषताहरुलाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :-

(१) अज्ञात रचनाकार

(२) मौलिकता र स्वतःस्फूर्तता

(३) सरलता र सहजता

(४) श्रृतिस्मृति परम्परामा जीवित

(५) पुनरावृति र थेगोको प्रयोग

(६) स्थानीय भाषिकाको प्रभाव

## २.३.५ निष्कर्ष

लोकगीतको सैद्धान्तिक परिचयमा विभिन्न विद्वानहरुका परिभाषाहरु प्रसस्तै मात्रामा प्रयोग भएका छन् । यसको परिभाषा दिने क्रममा पनि यथासम्भव विद्वानहरुको सहयोग लिने प्रयास भएको छ र ती विद्वानहरुका कृति प्रकाशन वर्ष र स्थान समेत समावेश गर्ने प्रयास भएको छ । वर्गीकरण गर्ने क्रममा यथाशक्य सम्पूर्ण विद्वानहरुको वर्गीकरण समावेश गर्ने जमर्को गरिएको छ ।

लोकगीत लोकको उकाली-ओराली, घाँस-दाउरा, मेला-पात, लेक-बेसी गर्दा समय कटाउने रमाइलो साथी भएकाले हाम्रा गाउँघरमा केटाकेटी, युवायुवती, बुढाबुढी सबैका कण्ठकण्ठबाट लोकगीतका भाका गुञ्जने गर्दछन् । गाम्रीण वासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तीता-मीठा भावनाहरु व्यक्त भएका छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण र समाजमा हुने विविध व्यवहारको बयान समेत गरिएको छ । शिक्षामा पनि युग जीवनका अनुभव,अनुभूति र उपयोगी ज्ञानका कुराहरुलाई व्यावहारिक रुपमा चित्रण गर्न लोकगीतको महत्वपूर्ण भूमिका रहने हुँदा यसको शैक्षणिक उपयोगिता सदैव रहँदै आएको छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शीर्षकको शोधकार्य पूरा गर्न वर्णनात्मक, स्थलगत, पुस्तकालयीय, क्षेत्रीय पद्दति तथा विधि र प्रक्रिया अवलम्बन गरिएको छ । साथै लोकगीतको वर्गीकरण र विश्लेषणमा सैद्धान्तिक विधि अपनाइएको छ ।

## ३.१ अध्ययन विधिको ढाँचा

ओखलढुङ्गा जिल्ला बलखु गा.वि.स.मा प्रचलित नेपाली लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि प्राथमिक र द्वितीयक तथा गौण सामग्रीको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या नमुना छनोट र अध्ययनको क्षेत्र

बलखु गा.वि.स.मा प्रचलित नेपाली लोकगीत गाउने ग्रामीण गायकहरुलाई जनसङ्ख्या र बलखु गा.वि.स. अध्ययनको क्षेत्रका रुपमा रहेका छन् ।

## ३.३ सामग्री सङ्कलनका साधनहरू

यस अध्ययनका लाग बल्खु गा.वि.स.का गायक, उनीहरुबाट गाइने लोकगीतको टिपोटका लागि आवश्यकतानुसार लिखित टिपोट र विद्युतीय सामग्रीको प्रयोग पनि गरिएको छ ।

## ३.४ सामग्री सङ्कलन प्रक्रिया

सम्बन्धित क्षेत्रमा गई प्रचलित लोकगीतको सङ्कलन गरी पुस्तकालयीय अध्ययन प्रक्रिया र विज्ञहरुको सल्लाह र सुझावको सहयोगले यसलाई वर्गीकरण गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण

सङ्कलित सामग्रीलाई वर्गीकरण र विश्लेषण गर्दा गीतको सिद्धान्त र प्रयोग अवस्थाको स्थलगत जानकारीलाई आधार मान्दै उपयोगिताका लागि त्यसको स्रोत सन्दर्भ खुलाउँदै पुस्तकालयीय अध्ययन प्रक्रियाबाट विश्लेषण गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ ओखलढुङ्गा जिल्ला बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुको वर्गीकरण र विश्लेषण

### ४.१.१ पृष्ठभूमि

लोकगीत व्यक्तिगत प्रतिभाका सृजनाहरुबाट प्रस्तुत गरिने गीत नभई लोक प्रतिभाका सहज सृजनाबाट अभिव्यक्त हुने गीत हो । यो मौखिक परम्परा वा श्रुतिपरम्पराद्वारा पुस्ता-पुस्तामा सर्दै आउँछ । मुखमुखैबाट टिपेर गाइने र कानकानै सुनेर मन रमाउने यसै परम्परामा नेपाली लोक जीवनमा पुस्तैदेखि लोकगीतहरु हुर्किएका मौलाएका र झाँङ्गिएका छन् । (पराजुली कृष्णप्रसाद पूर्ववत १४८) । नेपाली जनजीवनको यो साङ्गितिक क्षेत्र ज्यादै फराकिलो र फाँटिलो छ । लोकगीतजीवनमा लोकगीत तत्कालै रचेर गाइने भए तापनि यी प्रभावपूर्ण हुन्छन् । लोकगीतमा लोकका आँसु ,हाँसो,हर्ष, उल्लास , पीडा-व्यथा , मिलन विछोड आदिका अनुभूति व्यक्त भएका हुन्छन् ।

लोकसाहित्यका विभिन्न विधाहरुमध्ये सबै भन्दा प्रचलित स्वयम् लोकप्रिय विधाका रुपमा रहेको लोकगीतका अनेक प्रकारका हुन्छन् । प्रत्येक जाती समुदाय र क्षेत्रका आ-आफ्नै खालका संस्कृति, रीतिरिवाज, चालचलन र परम्परा हुन्छन् ।त्यसै अनुसार त्यहाँ गाइने लोकगीतहरु पनि फरक-फरक हुन्छन् । त्यसैले लोकगीतको कुनै खास वर्गीकरण भित्र सबैखालका लोकगीतहरुलाई समेट्न कठिन हुन्छ । ओखलढुंगा जिल्ला अन्तर्गत बलखु गा.वि.स. पनि एक आफ्नै खालका संस्कृत, रीतिरिवाज चालचलन र परम्परा बोकेको स्थल हो । यस ठाउँमा अनेक खालका लोकगीतहरुलाई समेट्ने गरी यस क्षेत्रमा सङ्कलित लोकगीतलाई आफ्नै किसिमले वर्गीकरण गर्नु उपयुक्त हुन्छ । त्यसैले विभिन्न विद्वानहरुले गरेका लोकगीतका माथि उल्लिखित वर्गीकरणहरुलाई आधार मानेर ओखलढुङ्गा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा गाइने

लोकगीतहरुलाई यहाँ संरचना र सहभागिताका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ । वर्गीकरण पछि शैक्षणिक उपयोगितालाई उल्लेख गरिएको छ ।

## ४.१.२ संरचनाका आधारमा वर्गीकरण

लोकगीतका सन्र्दभमा संरचना भन्नाले लोकगीतको बनोट वा बुनोट भन्ने बुझिन्छ । लोकगीतको आन्तरिक वा बाह्य गरी दुईप्रकारको संरचना हुन्छ । बाह्य संरचनाअर्न्तगत भाषालय, पङ्क्ति, अनच्छेद, सङ्कलनजस्ता कुराहरु पर्दछन् । यी सबैको सामूहिक र कलात्मक समन्वयबाट नै लोकगीतको बाह्य्य संरचनामा भाव, अर्न्तलय, विम्ब ,प्रतीक, अलङका आदिको भावात्मक र कलात्मक संयोजनबाट उच्च सौन्दर्यको सृष्टि भएको हुन्छ । संरचनाको आधारमा ओखलढुँगा जिल्लाअर्न्तगत बलखु गा.वि.स.मा पाइने लोकगीतहरुलाई लघुतम, लघु र कथात्मक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

## क .लघुतम लोकगीत

कविता जस्तै लोकगीतमा पनि लघुतम रुप प्रचलित रहेको पाइन्छ । भावको एक तीव्र झिल्का यस गतिमा तरङ्गित भएको हुन्छ । ओखलढुँगा जिल्ला अर्न्तगत बलखु गा.वि.स. मा प्रचलित बालगीतलाई यस प्रकारका गीत अर्न्तगत राख्न सकिन्छ । यहाँ प्रचलित लघुतम बालगीको एक नमुना यस प्रकार छ :

हु तु तु तु पन्जा

बाघ पन्जा

कपर्दी खेल्दा क्या मज्जा

## ख. लघु लोकगीत

गीतले लिएको छोटो छरितो सटिक विषयवस्तु अनुसारको भावलाई प्रस्तुत गर्ने खालका लघुतम भन्दा लामा लोकगीतलाई लघु लोकगीत भनी नामकरण गर्न सकिन्छ । लघुतम गीका तुलनामा यस प्रकारका गीत केही विस्तृत आकारका हुन्छन् । ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गाउँ घर

गा.वि.स.मा छरिएर रहेका प्रचलित दाँइ, तीजे, देउसीभैलो, एकोहोरी, दोहोरी जस्ता गीतहरु पर्दछन् । जस्तै : तीजको रहर आयो वरि लै

### ग. कथात्मक गीत

कथात्मक गीतको संरचना लघुतम र लघुगीतको भन्दा लामो हुन्छ । यस्ता गीतले कथात्मक आयाम र गेयात्मक स्वरुप प्राप्त गरेका हुन्छन् । ओखलढुँगा जिल्ला अर्न्तगत बलखु गा.वि.स.मा प्रचलित संगिनी, बालन जस्ता गीतहरुलाई यस प्रकारका गीतअर्न्तगत राख्न सकिन्छ ।

जस्तै : बुबाका घरमा नवै जोर परेवी

है बाबा नवै जोर परेवी

## ४.१.३ सहभागिताका आधारमा वर्गीकरण

कलोकगीतको प्रस्तुतीकरणमा हुने सहभागिताका आधारमा पनि ओखलढुँगा जिल्ला बलखु गा.वि.स. मा पाइने नेपाली लोकगीतहरुलाई एकलगीत, दोहीरी गीत र समूह गीत गरी तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

### क. एकलगीत

एकमात्र व्यक्तिले एक्लै गाइने गीतलाई एकलगीत भनिन्छ । विभिन्न लय र भाकामा गाइने एकलगीत छोटो र छरितो तथा मिठो हुन्छन् । छोटो हुने हुनाले छोटो समय मै यस्ता गितहरु गाउन र सुन्न सकिन्छ । सामान्य किसिमका नेपाली वाद्यवादन मादल, बाँसुरी आदिका साथमा गाइने एकल गीतमा नृत्य पनि प्रस्तुत गर्न सकिन्छ । एकल गीतमा मायाप्रीति लगायत अन्य विधि, विषयवस्तु पनि प्रस्तुत गर्न सकिन्छ । ओखलढुँगा जिल्ला बलखु गा.वि.स.अर्न्तगत यस्ता एकलगीतमा नृत्य पनि गर्न सकिन्छ । यस्ता एकलगीतहरु यस जिल्लाअर्न्तगत यस गा.वि.स.मा निकै प्रचलित छन् ।

जस्तै : खाने भए खाऊ पानी सारेर ,

जाने भए जाऊ माया मारेर ।

## ख. दोहीरी गीत

दुई व्यक्ति वा दुईपक्षका बिच सवाल-जवाफ गर्दै गाइने गीतलाई दोहीरी गीत भनिन्छ । यसलाई जुवारी पनि भनिन्छ । दोहरी गीत विशेषगरी युवा युवतीका बिच अथवा युवाहरुको समूह र युवतीहरुको समूह बिच गाइन्छन् । परिचयबाट शुरु हुने यस्ता गीतका बिच-बिचमा मायाप्रितीका अनेक प्रसङ्गहरु ल्याएर ख्याल ठट्टा पनि गरिएको हुन्छ । यस्ता गीत गाउँदा सवाल अनुसारको जवाफ गीतमै दिनुपर्ने हुँदा गायक गायिकाहरु सजग र चनाखा रहन्छन् । यस्ता गीत गाउन तार्किक शक्ति र सृजनशीलताको पनि आवश्यकता पर्दछ । विभिन्न भाका र लयमा गाइने लोकदोहरीले स्रोताहरुलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरुका कैतुहलता र उत्सुक्ता समेत जगाउने गर्दछन् । यस्ता गीत ओखलढुँगा जिल्ला अन्तर्गत बलखु गा.वि.स. मा निकै प्रचलित छन् ।

जस्तै : कस्की छोरी कस्की हौ बुहारी

शक्ति भए आउ खेलौं जुवारी

## ग. समूह गीत

समूहका बिच वा सामूहिक रुपमा गाइने गीतलाई सामूहिक गीत भनिन्छ । यस्ता गीतमा पहिला एक व्यक्तिले गीतको भाका झिक्छ वा उठाउन गर्छ र त्यसैमा भाका मिलाएर गीत अगाडि बढाउन अन्य व्यक्तिहरुले स्वर थप्छन् । यस्ता गीतहरुमा सामान्य किसिमका वाद्यवादन मादल, बाँसुरी, खैंजेडी, मुजुरा आदिको प्रयोग गरिन्छ । ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा प्रचलित सँगिनी, बालन र भजन जस्ता गीतहरुलाई समूह गीतअन्तर्गत राख्न सकिन्छ ।

जस्तै : कर्पूर गौरम करुणा अवतारम्

संसार सारम् भुजेन्द्र हारम्

उपर्युक्त वर्गीकरणमा ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा.वि .स.मा गाइने सम्पूर्ण गीतहरु समेटिन नसक्ने हुँदा यहाँ प्रचलित सबै खालका लोकगीतहरु समेट्न विभिन्न विद्वानहरुले गरेका

लोकगीतका पूर्वोक्त वर्गीकरणलाई आधार मानी यहाँका लोकगीतहरुलाई मोटामोटी रुपमा चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ । ओखलढुँगा जिल्ला अन्तर्गत बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरु :

**१ बाह्रमासे गीत**

(क) एकोहोरी

(ख) दोहोरी

(ग) सँगिनी

(घ) बालगीत

(ङ) भजन

(च) बालन

**२ कर्मगीत**

(क) असारे गीत

(ख) दाँइ गीत

**३. संस्कार गीत**

.............

(क) रत्यौली

(ख) सिलोक

**४ पर्व गीत**

(क) तीजे गीत

(ख) भैलो

(ग) देउसीरे

## ४.२. बलखु गा.वि.स.मा प्रचलित नेपाली लोकगीतको विश्लेषण

### ४.२.१ बाह्रमासे गीत

बाह्रै महिनामध्ये जुनसुकै ऋतु वा महिनामा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । कुनै विशेष परम्परा, संस्कार, रीतिस्थिति वा समयविशेषको वास्ता नगरी जुनसुकै समयमा पनि गाइने हुनाले बाह्रमासे गीत छोटो र छरितो हुन्छन् । लोकजीवनका भाव तरङ्गहरु यस्ता गीतमा तरङ्गित भएका हुन्छन् । विशेषगरी युवा युवतीका प्रेममय भजनहरू अभिव्यक्त हुने यस्ता

गीतमा लोकजीवनका दुःख-सुख, हर्ष-विस्मात, हाँसो-आँसु, आशा-निराशाका साथै लोक जीवनका विधि-व्यवहार र मान्यताहरुको समेत चित्रण भएको हुन्छ । यस्ता बाह्रमासे गीत ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा निकै लोकप्रिय रहेका छन् । यहाँ प्रचलित दोहीरी एकोहोरी, सँगिनी, वालन, भजन बालगीतजस्ता गीतहरुलाई यस वर्गका गीतअन्तर्गत राख्न सकिन्छ ।

## (क) एकोहोरी गीत

यस लोकगीतमा ऐतिहासिक सथल पोकली झरनाको परिवेशलाई समेटेर ढाकर बोकी तोक्मा टेकी ढक्कै-ढक्कै-ढक्कैलाई विम्ब बनाई एक युवतीलाई आफूतिर आकर्षित गर्ने र युवतीको स्वभावलाई सरल र यथार्थ परिवेशमा उभ्याएर टाढा नजान अनुरोध गर्दै युवकको शृङ्गारिक भाव व्यक्त गरेको परिवेश चित्रण गरिएको छ । जुन लोक प्रचलनको यथार्थताको मर्मलाई समेत झल्काइएको देखिन्छ ।

कति बस्छौ माइतीकै कौशीमा हौ

लाग्छ आँखा पाकेको लौसीमा

माया, प्रेम र विवाहको भाव झल्कने सरल र बोलीचालीको भाषामा व्यक्त प्रस्तुत गीतले आफ्नो मनको मानिस जसलाई घरबाट पनि मान्य छ भनी फकाउने रमाइलो शैलीको गीत शिष्ट शृङ्गारिक भावद्वारा व्यक्त गरिएको छ ।

सेतोमा सेतो, धानको पीठो, पहेँलो बेसार

दुई दिन बाँच्ने मानिसको चोला, पीर गरी के छर ?

यस गीतमा व्यक्त भाव सरल छ । यसमा जिन्दगी केही होइन, त्यसकारण यस समयमा नाता भन्दा मायाको नाता भए बोलाउन सजिलो भनी विभिन्न आशामा विप्रलम्भ शृङ्गार भाव व्यक्त गरिएको छ ।

– छोरी भन्दा आमा तरुनी लिपिस्टिक पाउडरले

– लान्छ क्यारे घुमाउन भिल्के डाइभरले

यस गीतमा आधुनिकताको नाममा भएको विसङ्गतिलाई तुलनात्मक रुपमा हास्य भावमा व्यक्त गरिएको छ ।

– उकालीमा वर खाँदा खाँदै जुनी वित्यो मायालाई पर्खंदै सुनकोशी सलल
– यस गीतमा उकाली र ओराली गर्दा आफ्नो विदेशिएको मायालाई पर्खदा पर्खंदै आफ्नो यौवनावस्था बितिसकेकोले अव अन्य कुनै व्यक्तिले आफूलाई मन पराएमा व्यावहार मिलाउने आशामा विप्रलम्भ श्रृङ्गार भाव व्यक्त भएको पाइन्छ ।
– रेसम फिरीरी रेसम फिरीरी
– उडेर जाउँकी डाँडामा भञ्ज्याङ्ग, रेसम फिरिरी

यस गीतमा एउटा अल्लारे मनमा तछाड-मछाड गर्दै विभिन्न भावनाहरु उर्लेर आएको र आफ्नो मायालाई समिपमा राख्न व्यक्त भावनाहरु श्रृङ्गार भावद्वारा व्यक्त गरेको पाइन्छ ।

– गरिवले माग्न जान्छ झाँडो बसालेर
– महाजनले किन दिन्थ्यो भन्छ खसालेर

यस गीतमा व्यक्तिहरुले गरिब व्यक्तिहरुलाई सदैव सताएका हुन्छन् । गरिबहरुको समस्या बुझ्नुको सट्टा उल्टै उनीहरुको व्याजको स्याजको प्याज जस्ता कुरा करुण भावद्वारा अभिव्यक्ति भएको पाइन्छ ।

– उकालीमा वर खाँदा खाँदै
– जुनी बित्यो मायालाई पर्खंदै

यस गीतमा उकाली-ओराली गर्दा गर्दै आफ्नो प्रेमीसँग भेटघाट नभएको कारण आफ्नो उमेर बितेकोले अव अन्य व्यवस्था  गर्ने आशामा विप्रलम्भ भाव व्यक्त भएको पाइन्छ ।

## (ख) दोहीरी गीत (जुवारी)

### दोहीरी गीत : एक

– केटा : घर हो काहाँ भनन भन बैनी

– तिम्रो घर पर्‍यो काहाँ

दोहोरी गीतहरुमा खासै गरी युवा युवतीहरुको नै अहम् भूमिका रहेको पाइन्छ । यस गीतमा केटा र केटी जसले गीतमा हाँस्छे, त्यसले जित्ने पक्षको घरमा जानुपर्ने हुन्छ । हाम्रो देश पुरुष प्रधान देश भएकोले पुरुषहरुले नै जित्ने र महिलाहरुलाई आफ्नो घर लैजाने प्रचलन पाइन्छ । यस लोक दोहीरीमा केटाले विभिन्न ठाउँको भम्रण गर्दै आफ्नो घर लान अनुरोध गर्दछ । तर युवती कतै पनि नजाने इच्छा व्यक्त गर्दै निष्ठुरी बन्छे । यस रोचक घटनालाई शृङ्गारिक भावद्वारा व्यक्त गरिएको पाइन्छ । यो बाह्रमासेअन्तर्गतको दोहीरी गीत हो, जसमा ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा पाइने यस्ता विभिन्न प्रकारका लोकगीतहरुले यहाँको गाउँघर पाटी, पौवा, चौतारी, डाडाँकाँडा, मेलापातआदिलाई नै गुञ्जायमान बनाएका छन् । यहाँ गाइने लोकगीतले परम्परादेखि चलि आएका धर्म, संस्कृति र परम्पराको संरक्षण गरिरहेका छन् । यसका साथै मानव जीवनका कथा, व्यथा, हर्ष, उल्लास आदिलाई पनि सरल, सहज, छरितो र सजिलो तवरले अभिव्यक्त गरी मनोरञ्जनात्मकता समेत प्रदान गरेका छन् । यहाँ गाइने विभिन्न प्रकारका लोकगीतहरुमा यहाँका मानिसका दुःख-सुखका साथै गरिबीका कारण उत्पन्न अनेक सामाजिक समस्याको अभिव्यक्ति पनि पाइन्छ । यहाँ गाइने विभिन्न विषय समेटिएका नेपाली लोकगीतको आफ्नै साँस्कृतिक महत्व रहेको छ । यसमा दुई समूह हुन्छ । अहिले लोकगीत विभिन्न किसिमको भाव र अर्थ दिने लोकलयमा आधारित गीतहरु प्रचलनमा छन् ।

केटा : तिम्रो र मेरो मायाको डोरी

– बेरौं कि फनफनी कान्छी

केटी : तिम्रो र मेरो मायाको डोरी

- नबेरौं फनफनी कान्छा

यो बाह्रमासेअन्तर्गतको दोहोरी गीत हो । दोहोरी गीतमा युवाले युवतीलाई विभिन्न प्रलोभन देखाएर फकाउन खोजिएको र केटीले नमानेको कुरा रोचक ढङ्गबाट शृङ्गारिक भावद्वारा व्यक्त गरिएको पाइन्छ ।

## (ग) **सँगिनी गीत** (**आख्यानविहीन** )

– बा र ज्यूको नि त्यो टारी खेत

– ढुकुरै लुक्ने बिउ है बाबा

सँगिनी ज्यादै प्रचलित सदाकालीन वा बाह्रमासे गीत हो । रत्यौली भैँ सँगिनी पनि नारीहरुले मात्र गाउने गर्दछन् । त्यसबाट बढी विरह वेदना व्यक्त हुने हुँदा यो संवेदनापूर्ण लयको रुपमा पनि चिनिन्छ । यस संगिनी गीतमा बुवा र आमासँग एउटी विवाहिता चेलीले आफ्नो जीवनसँग सम्बन्धित वेदनालाई विभिन्न विम्बहरु प्रयोग गरेर कारुणिक भाव व्यक्त गरिएको पाइन्छ ।

– धुरमा धुरु नि परेवी घुऱ्यो

- तोरीको पाँजैमा फिजाएर सुकाएको  नि बाबा

यो बाह्रमासे गीत अर्न्तगत संगिनी गीत हो यस गीतमा विवाहिता चेलीले आफ्नो माइतीघर बस्ने आमा बुबालाई आफू टाढा हुँदा चिन्ता नलिनु म बेला-बेलामा फर्कि आउनेछु भनी कारुणिक भाव व्यक्त गरिएको पाइन्छ ।

– संगिनी (आख्यानयुक्त)

– बाबा र ज्युको नि नौतले घरमा

– नबै जोर परेवी है बाबा

यो आख्यानयुक्त बाह्रमासे संगिनी गीत हो । यस गीतमा विवाह गरेर घर गएकी चेलीले घरमा रहँदा आफूले गर्ने काम धन्दाको बारेमा आफ्ना बाबालाई उल्लेख गर्दै कथानक शैलीमा अभिव्यक्त गरेको पाइन्छ ।

– फागनुजस्ती नि पातली धनै

– श्री सुर्जेजस्ती नि पातली धनै

माथि उल्लेख गरिएका लोकगीतको एउटा मुख्य अङ्गको रुपमा चिनिने संगिनीहरुमा खास गरी वैवाहिक चेलीको वेदनालाई व्यक्त गरिएको पाइन्छ । यसमा करुणा र शान्त भाव व्यक्त भएको पाइन्छ ।

## (घ) बालगीत

बालगीत भनेको केटाकटीहरुको गीत हो । नेपालीमा श्रुति परम्पराबाट चल्दै आएका प्रचुर सङ्ख्यामा शिशु गीतहरु भेटिन्छन् । यिनको प्रयोग घर-घरमा, आँगन-आँगनमा र खेलको चौर-चौरमा भएको पाइन्छ । बालगीतहरु स्वयम् बालवालीकाले गाउने र ठूलाले गाउने गरी दुई प्रकारका छन् अर्थात् शिशु गीत र शिशुसेलो गरी दुई वर्गमा बाँड्न सकिन्छ । शिशुहरु कोपिला हुन् । उनीहरु फुलझैँ राम्ररी फक्रिएका हुँदैनन् । उनीहरु सांसारिक कुरा राम्ररी बुझ्न र उफ्रन तथा खेल्न सक्दैनन् तापनि बालकका लागि प्रयोगमा आउने केही गीत शिशुको लागि पनि आउन सक्छन् । बालगीतहरु भावनात्मक भएपनि अधिकांश शिशु गीतहरु क्रियात्मक हुन्छन् । विभिन्न हाउभाउ र अनुकरण खेलका माध्यमबाट प्रस्तुत गरिन्छ । शिशुगीत एकल र सामूहिक हुन्छन् । यसमा भावगत र भाषागत जटिलता हुँदैन् । सामान्य भावको सरल, सहज र सुकोमल भाषामा स्वाभाविक अभिव्यक्ति हुन्छ । जस्तै : एउटा साथी जङ्गलमा, इन्टु मिन्टु लण्डनमा, यति-यति पानी, दशैं आयो, बाङ्गा-बाङ्गा खुँडीले, यो घर कस्को, हुतुहुतु पन्जा, हाइ गुटुमुटु, बसबस मौरी, ऐया आमा घैया पाक्यो, हराभरा तोरी टपटप टोपी आदि ।

माथि विभिन्न बाल कलाकारहरुद्वारा गाइएका विभिन्न बालगीतहरु, बाल मनोरञ्जन, बालखेल बासुलभ बालअधिकारआदि भावनालाई समेट्ने खालका देखिन्छन् । यी बालगीतहरुमा शान्त, करुण र वीर भाव समेत भएको पाइन्छ ।

## ङ) बालन

श्री रामायण भारत बालन

पहिलो हो मा आरती राम प्रभु राम

पुष्पकी माला

काली र नाग नाची ल्याउ कृष्ण गुवाला (सुरुमा बालने उठेर घुमी-घुमी नाच्छन् )

हो उठन त (उठेर)

कण्ठ भजमुखी (स्वरमिलाएर उपासना गर्नु )

दन्त जिवा १२५ (जिव्रा ) बसे

सरस्वती माता हो

यसै ग्रह  आगनमा खेल्न आयू (आयौं )

आज्ञा देऊ धरती माता

लिङ्गमे सेलाउने

उठन कृष्ण नुवाई धुवाई पँधेरामा जाँउन

पँधेराका कृष्णजीलाई भान्सामा ल्याउँन

बालनलाई खास गरी रामभक्ति र कृष्ण भक्ति गरी दुई भागमा विभाजन गरेको पाइन्छ । बालन भजनमा ईश्वरको आराधना गरिने हुनाले यसमा कर्ताले कुनै भाकल ( कवोल ) गरेको हुन्छ । त्यो भाकल पूरा भएमा उसले भने बमोजिम बालन खेलाउने-नचाउने कार्य गरिन्छ । यसमा टोली कुनै झोली हुने हुनाले प्रत्येक झोलीले आ-आफ्नो साथीहरुसँग लय मिलाएर नाच्ने गर्दछन् । यसमा पहिले ईश्वरको स्तुति, त्यसपछि विषय प्रवेश र अन्तयमा आशीर्वाद दिएर लिङ्गो सेलाउने कार्य गरे पछि समाप्त गरिन्छ ।

### (च) भजन

राधे राधे कृष्ण कृष्ण

राधे राधे कृष्ण जपौं मनैमा

छैनन् कृष्ण जानुभयो वृन्दावनैमा

## दुर्गामाताको भजन

जय नम हो दुर्गे अम्बे माता, भक्तजनको भाग्य विधाता

गंगामाईके स्तुति

हर हर गंगा माई है, हर हर गंगा माई

गंगा र माता, महादेवका शिरमा जटा

भजन बाह्रमासे गीत अन्तर्गतको एक गीत हो । यस गीतमा एउटा अल्लारे मनमा तछाड-मछाड गर्दै विभिन्न भावनाहरु उर्लेर आएका र आफ्नो मायालाई समिपमा राख्न व्यक्त भावनाहरु श्रृङ्गार भावद्वारा व्यक्त गरेको पाइन्छ ।

– गरिबले माग्न जान्छ, भाँडो बसालेर

– महाजनले किन दिन्थ्यो, भन्छ खसालेर

यस गीतमा व्यक्तिहरुले गरिब व्यक्तिहरुलाई सदैव सताएका हुन्छन् । गरिबहरुको समस्या बुझ्नुको सट्टा उल्टै उनीहरुको व्याजको स्याज, स्याजको प्याज जस्ता कुरा करुणा भाव द्वारा अभिव्यक्त भएको पाइन्छ ।

– उकालीमा वर खाँदा खाँदै

– जुनी बित्यो मायालाई पर्खंदै

यस गीतमा उकाली ओराली गर्दा गर्दै आफ्नो प्रेमीसँग भेटघाट नभएको कारण आफ्नो उमेर बितेकोले अब अन्य व्यवस्था गर्ने आशामा विप्रलम्भ भाव व्यक्त भएको पाइन्छ ।

## ४.२.२. कर्म गीत

नेपाल कृषि प्रधान देश भएकोले यहाँको अधिकांश ग्रामीण समाज कृषि व्यवसायमा नै निर्भर रहेको छ । बलखु गा.वि.स.मा वसोवास गर्ने अधिकांश मानिसहरुको मुख्य व्यवसाय कृषि नै हो । कृषि सम्बन्धी विभिन्न कार्य गर्दा शारीरिक थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न यहाँका मानिसहरुले लोकगीत गाउने गर्दछन् । यसरी कामका सिलसिलामा गाइने गीतहरु नै कर्मगीत हुन् । कुनै पनि काम गर्दा श्रम-परिहारका निम्ति गाइने भएकोले यस्ता गीतलाई मगीत पनि

भन्ने गरिएको हो । कर्मगीतअन्तर्गत असारमा धान रोप्दा गाइने असारेगीत मंसिरमा धान भिœयाँउदा दाइँ गर्दा गाइने गीत पर्दछन् ।

## कर्मगीत

### (क) असारेगीत

असारेमासमा रोपेको धान कुन मैना पसाँउछ

एकचोटी अल्लारे जीवन दुनियाँ हसाउँछ ।

कर्मगीत सामाजिकलोकगीत अन्तर्गतको एक प्रकारको हो ।

यो निश्चित समयमा वा समय विशेषमा गाइन्छ । जस्तै : यस गीतमा असार महिनाको असार गीत व्यक्त गरिएको छ । जसमा एकजनाले विषयवस्तु असार महिनाको धान रोप्दाको निम्न प्रयोग गरेर युवतलिाई आफूतिर आकर्षित गर्ने काम गरेको हुन्छ । यस गीतमा शृङ्गारिक रसको प्रयोग गरिएको पाइन्छ ।

रोप है रोप रोपार्नी नानी

रोप है रोप रोपार्नी नानी पँजाई फिँजाई

दिउँला बिउ बाउसेलाई

दिउँला एक राते दही हलीलाई

दिउँला बीउ........

यस गीतमा पनि रोपाइको सन्दर्भलाई जोड्दै रोपार्नी र बाउसे बिचको मनको भावनालाई गीतको माध्यमवाट शृङ्गार रसमा अभिव्यक्त गरिएको पाइन्छ ।

### (ख) दाँइ गीत

तेरो बावु झाले बरदो हो है

तेरी आमा कैली

यो दाँइ गीत कर्मगीत अर्न्तगतको एक प्रकारको गीत हो । यसमा मंसिर महिनामा दाँइ गर्दा गाउने गीतलाई मनोरञ्जनात्मक ढ्गले प्रस्तुत गरिएको हुन्छ । जसमा शब्द भन्दा लयलाई प्राथमिकता दिइएको छ । अत : कर्मगीतमा समाजका मर्म, भाव, व्यथा, सुख, दु:ख, हाँसो, रोदन आदि झल्किएको पाइन्छ । यी गीतहरुमा हास्य, करुण शान्त शृङ्गार भावहरु व्यक्त भएको पाइन्छ ।

## ४.२.३ संस्कार गीत

हाम्रो समाजमा धर्म र संस्कृतिले महत्वपूर्ण स्थान पाएको छ । यहाँका धेरैजसो बासिन्दाहरुले हिन्दू धर्म अनुसार विभिन्न संस्कार कर्महरु गर्दै आएका छन् । जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण संस्कारहरु धर्म र संस्कृतिसँग नै सम्बद्ध छन् । नेपाली जनजीवनमा जन्म, छैठी, पास्नी, न्वारन, व्रतवन्ध, विवाह, मृत्युजस्ता संस्कार कर्म गर्ने प्रचलन रहेको छ । यस्ता संस्कार कर्म गर्दा विभिन्न किसिमका गीतहरु गाउने गरिन्छ । बालककालमा अन्य संस्कार कर्मका त्यति गीतहरु गाउने प्रचलन छैन । तर विवाह संस्कारका क्रममा यहाँ रत्यौली, सिलोक, खाँडो जगाउने गीतहरु गाइन्छन् । त्यसैले यहाँ प्रचलित रत्यौली, सिलोक, खाँडो जगाउने मालसिरी गीतहरुलाई संस्कार गीतअन्तर्गत राख्न सकिन्छ ।

### (क) रत्यौली

बाटोमाथि बाटोमुनि घैया गोडेकीलाई

नचलाउनु नबोलाउनु पोइले छोडेकीलाई

यो गीत सामाजिक गीतअन्तर्गतको एक गीत हो । यो गीत चाडपर्वको अवसरमा गाइन्छ । यस गीतमा बेहुलाको घरमा महिलाहरु मिली मनोरञ्जनको लागि माथिको गीत गाइएको पाइन्छ । माथिको गीतमा पोइले छाडेको महिलालाई चलाँउदा ख्याल गर्नुपर्ने साथै विवाह गरिसकेपछि अनिवार्य रुपमा पोइको जुठो खानुपर्ने बाध्यात्मक अवस्थालाई खोजी-खोजी ले लाटा, खोजी-खोजी ले, बेहुलाकी आमालाई खोजी-खोजी ले, भन्ने गीतमा रत्यौली नाच्दा बेहुलाकी आमालाई, भाउजूलाई, बहिनीलाई र आफन्तलाई नचाउने वा नाच्ने कुरालाई ठट्यौली पारामा प्रस्तुत गरिएको पाइन्छ ।

**(ख) सिलोक (विवाहमा गाइने )**

कहाँबाट आएउ जनती मनती कहाँ सम्मको दाउ

धरती तमेर भान्जेबुहारी केमा टेकी आएउ पाउ

या सिलोक सामाजिक अन्तर्गतको एक संस्कार गीत हो ।

यस गीतमा बेहुला र बेहुली पक्षबिच भएको कुरालाई सिलोकको लयमा प्रश्न उत्तर गरिएको छ । जसमा धार्मिक पक्षलाई समेत समटेको पाइन्छ ।

## ४.२.४ पर्वगीत

चाडपर्व सिङ्गो नेपाली संस्कृतिकै एक महत्वपूर्ण पक्ष हो । रीतिरिवाज, परम्परा, धर्म, संस्कृतिलाई जीवन्त राख्न र मनोरञ्जन प्रदान गर्न चाडपर्वले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा. वि. स.मा दशै, तिहार, तीज जस्ता चाडपर्वहरु धुमधामका साथ मनाउने गरिन्छ । यहाँ तिहारमा देउसी-भैलो र तीजमा तीजे गीतहरु गाइन्छन् । त्यसैले पर्वगीत अन्तर्गत यहाँका देउसी, भैलो र तीजे गीतहरुलाई राख्न सकिन्छ ।

### (क) तीजे गीत

**नपढेकी चेली**.......

नपढेकी चेलीलाई पढेकालाई दिनु भो.........

पर्वगीत सामयिक गीतअर्न्तगतको एक गीत हो । यो गीत तीजको अवसरमा गाइन्छ । यस गीतमा नपढेकी चेलीले भोगेका पीडाहरुका वारेमा उल्लेख गरिएको छ । यस गीतमा कारुणिक भाव अभिव्यक्त गरिएको पाइन्छ ।

वर्ष दिनको तीजमा

वर्ष दिनको तीजमा बाबाा लिन आउनु भो

यो गीतमा चेलीको वेदनालाई कारुणिक भावमा व्यक्त गरिएको छ । साथै वर्ष दिनको चाडमा बाबा लिन आउँदा पनि घरका मान्छेले माइत नपठाएको दुखेसो पोख्नुको साथै आमालाई नरुनु भनी आग्रह पनि गरिएको छ ।

## (ख) भैलो गीत

भैलेनी आइन् आँगन

गुनिउँ चोलो मागन

## (ग) देउसी गीत

| **भट्टयाउने** | **समूह** |
|---|---|
| आ है झिलिमिली झिल्ला | देउसुरे |
| आ है तातो रोटी मिल्ला | देउसुरे |

विभिन्न चाडपर्वहरुमा गाइने गीत नै पर्व गीत हो । यसमा तीजमा गाइने तिजगीत, दशैंमा गाइने मालसिरी, दीपावलीमा गाइने गीत देउसी-भैलो गीत आदि पाइन्छन् । यी गीतहरुलाई संस्कार, परम्परा, रीति-रीवाज, दु:ख-सुख, रोदन-हाँसोलाई समेटेको पाइन्छ । यी गीतहरुमा करुणा, शान्त, हाँस्य भावहरु व्यक्त भएको पाइन्छ ।

नेपाल राज्यको पूर्वाञ्चलमा अवस्थित ओखलढुँगा जिल्ला बलखु गा.वि.स. लोकसाहित्यका दृष्टिले धनी छ । लोकसाहित्यका अन्य विधाहरु भन्दा पनि लोकगीत यहाँ सवैभन्दा बढी लोकप्रिय रहेको देखिन्छ । ओखलढुँगा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा प्रचलित लोकगीतहरुलाई तिनीहरुका प्रकृति हेरी बाह्रमासेगीतहरु, कर्म, पर्व र संस्कारगीत गरी जम्मा चार वर्गमा वर्गीकरण गरिएको छ । बाह्रमासे गीतहरु यहाँ जुनसकै समयमा पनि गाइन्छन् । अन्य गीतहरु चाहिँ विशेष समय र सन्दर्भ अनुसार गाइन्छन् । दाँइ गीत मंसिरमा दाउनी, दाँइ गर्दा र असारेगीत असारमा धान रोप्दा गाइन्छन् । यहाँका विभिन्न संस्कारमा गाइने रत्यौली र खाँडो गीत प्रमुख रहेका छन् ।

## ४.३ बलखु गा.वि.स.मा प्रचलित नेपाली लोकगीतको सङ्कलन

नेपालको पूर्वाञ्चल विकास क्षेत्र सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्ला सुनकोशी नदीको काखमा अवस्थित बलखु गा.वि.स. साँस्कृतिक विविधताले भरिएको गा.वि.स.हो । यहाँ आठ जातिका मािनसहरुले बसोवास गर्दछन् । सबैको जीवनशैली कृषिमा आधारित छ । यहाँका मानिसहरुको आ-आफ्नै किसिमको संस्कृति, रीतिरिवाज र चालचलन छन् । यस क्षेत्रमा भएको यातायात, सञ्चार र शिक्षाको विकासले यहाँका मानिसहरुको जनजीवन क्रमशः आधुनिकतातर्फ ढल्किँदै गएको छ । विभिन्न खालका सङ्गीत र राजनैतिक दर्शनको माझमा परम्परागत लोक संस्कृति जीवन्त र लोकप्रिय रहेको छ । विशेषतः यस क्षेत्रमा मनाइने उत्सव, संस्कार पर्वका साथै घाँस दाउरा, मेलापात जस्ता काम गर्दासमेत विभिन्न खालका लोकगीतहरु गाउने चलन छ । यही बेला आफ्ना मनका रहर, कुण्ठा, कहाली, हाँसो, खुशी, वेदना सामान्य भाषा र आफ्नै परिवेशको वातावरणमा व्यक्त गरेको सुनिन्छ । यस अध्ययन प्रतिवेदनको मुख्य क्षेत्र पनि यही गा.वि.स. हो । त्यसकारण यस क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरुको सङ्कलन यस अध्यायमा क्रमशः प्रस्तुत गरिएको छ ।

### ४.३.१ पानी तालैमा (शीर्ष बोल )

सालको पात टपरी गाँसेर
भेट भयो जाउँ डाँडा काटेर
**पानी तालैमा, मलाई बोलाउ है जाने बेलैमा**
चौतारीमा वर खाँदा खाँदै
जुनी बित्यो तिमीलाई सम्झदै
**पानी तालैमा.......**
बार बारौँ केराको थम्बालाई
मायाँ लगाउ बाँचुञ्जेल सम्मलाई
**पानी तालैमा......** **(स्रोत : सेतीरुपा घिमिरे,बलखु-७ )**

### ४.३.२ तिमी आउँछौकी आर्कै बे गरौं (शीर्ष बोल)

कति वस्छौ माईतिकै कौशीमा  हौ

लाग्छ आँखा पाकेको लौशीमा

मैले के गरौ तिमी आउँछौ कि अर्कै वे गरौ

तिम्रो पनि सिउँदो वाभ्कै छ  है

घरमा बाउलाइ वुहारी खाँचो छ

मैले के गरौ

**है सेतो घोडा क्या मिल्यो जोडा  है**

सुहाउँदो जोडी उम्केल नछोड

मैलै के गरौ

उमेरैमा घरवार नजोड हो

पाउछौ दुःख म भिल्केलाई छोडे

मैले के गरौ तिमी आउँछौं

### ४.३.३ सेतोमा सेतो

सेतोमा सेतो धानको पीठो पहेँलो वेसार

दुई दिन बाँच्ने मानिसको चोला

जिन्दगी के छ र ?

लेकमा फुल्यो त्यो लालीगुराँस

वेशीमा न्याउली

लेकबाट यो चरी भ्कर्‍यो

आलीमा टक्रक्क

तिरीमा तिरी मुरली बज्यो

वाँसको कप्टेरो

मितेरी साइनो नलाउनु रैछ

बोलाउन अप्ठेरो **स्रोत : राधाकुमारी घिमिरे, बलखु**

## ४.३.४ छोरी भन्दा आमा तरुनी

छोरी भन्दा आमा तरुनी लिपिष्टिक पाउडरले

लान्छ क्यारे घुमाउन भिल्के डाइभरले

हिँड्दा खेरी चाल उनको सोन्हवर्ष जस्ती

बोली सुन्दा लाग्छ उनको उत्ताउली जस्ती

छोरी भने निदाउरी सुती उठे जस्ती

आमा भने सर्ट पैन्टमा भरभराउँदी जस्ती

छोरी भन्दा आमा तरुनी.................... (**स्रोत : सीता थापा, बलखु** )

## ४.३.५ सुनकोशी सलल (शीर्ष बोल )

उकालीमा वर खाँदा खाँदै

जुनी बित्यो मायालाई पर्खंदै

सुनकोशी सलल......

गाइको वर आली चिर्दैन

धन त छैन मन पर्छ पर्दैन

सुनकोशी सलल.......(**स्रोत : चनीमाया भुजेल, बलखु** )

## ४.३.६ रेसम फिरिरी...

रेसम फिरिरी रेसम फिरिरी

उडेर जाउँकी डाँडमा भञ्ज्याङ रेसम फिरिरी

एकनाले बन्दुक दुई नाले बन्दुक मृगलाई ताकेको

मृगलाई मैले ताकेको हैन मायालाई ताकेको रेसम फिरिरी....

खोलामा पाइने ती कत्ले माछा खानलाई आँटेको

खानलाई मैले ओटेको होइन मायालाई डाकेको

रेसम फिरिरी........................................ (**स्रोत : अशोक गिरी, बलखु**)

### ४.३.७ गरिवले माग्न जान्छ भाँडो बसालेर...(शीर्ष बोल)

गरिबले माग्न जान्छ भाँडो बसालेर

महाजनले के दिन्थ्यो भन्छ खसालेर

गरिबलाई जिउ पाल्न गाऱ्हो

महाजनले दिँदैन उधारो

बल्ल तल्ल दिने मन भयो भने हेर

हाते जाकट धीतो के चाँहि ल्याएछ हेरौँ भन्छ फेर

हाते जाकट केही छैन, छन् हलमा गोरु

हलगोरुले नपुगेमा घरवार बरु

दुई तीन वर्ष बितिसक्यो धन खाएको तैले

माथिबड साहु आयो लठ्ठी घोडामाथि पैले

भन्न थाल्यो दिन राट खा को हैन हेर

मैले खा को थोरै पैहिसा लेख्न भयो धेर ... (**स्रोत : मणिराज गिरी, बलखु** )

### ४.३.८ दोहोरी गीत ( जुवारी )

केटा : घरको बाँहा

भनन भन नि बैनी

तिम्रो घर काहाँ

केटी : हावैजाज गिरान

घर सोध्छौ भनेनि दाजु

बलखु गाउँ सिरान

केटी : गाइ चर्ने वन छ

मोटरमा चढाइ नि दाजु

काँ लग्ने मन छ

केटा : हल गोरु वहर

घुम्न जाउँ भनेको वैनी

दार्जेलिङ्ग शहर

केटी : मादलको घेरो

दार्जेलिङ्ग घुम्ने नि दाजु

मन छैन मेरो

केटा : त्यही घरको बाँहा

दार्जेलिङ्ग हैन त वैनी

जाउँ त काहाँ

केटी : गाई गोठेरी

जाउँ भन्दा मान्दिनौ वैनी

कति निष्ठुरी

केटी : पानी चिसै छ

निष्ठुरी भने नि दाजु

भैगो ठीकै छ .......... ( **स्रोत छत्र ब. मगर बलखु** )

## ४.३.९. तिम्रो र मेरो मायाको डोरी

केटी : तिम्रो र मेरो मायाको डोरी

केटी : तिम्रो र मेरो मायाको डोरी

बेरौँ की फनफनी कान्छी

केटी : तिम्रो मेरो मायाको डोरी

नबेरौँ फनफनी कान्छा

केटा : माहुरी घुम्यो भुनभुनायो

खाया नि फुलको रस

म आउनेछु तिम्रो घरमा कपाल कोरी वस

तिम्रो र मेरो .......

केटी : मुखियाको घर राम्रो

झ्यालैमा फुलवबुट्टा

हाम्रो बाबुले चाल पाए

भाच्छन् तिम्रो खुट्टा

तिम्रो र मेरो ............

केटा : तिम्रो बुवाको डर लाग्छ

आउनु म के के निउँले

केटीका भेसमा म आउने छु

तिम्रो र मेरो ........

केटी : अर्काको घरमा नआउनु

व्यर्थैमा लुखुरलुखुर चोर आयो भनी

फर्काइ दिन्छु भोटे कुकुर

तिम्रो र मेरो माया ................**(स्रोतः विमाया तामाङ्ग, बलखु)**

## ४.३.१०.बाबा र ज्यूको नि त्यो गैरी खेत

बाबा र ज्यूको नि त्यो टारी खेत

ढुकुरै लुक्ने बिउ है बाबा

वारुले कम्मर नि डोल्ने चुल्ठो

खातिरै लाग्दो जीउ बाबा र ज्यूको नि त्यो टारी खेत

जोरजोरै समाहा है

बाबा

जोर जोरै समाहा

भोटेको गोरु नि डुक्रिँदै आयो

दर्जीको दमाहा है बाबा

दर्जीकै दमाहा

सुरिलो रुखको नि खिरिलो हाँगा

चरीले टेकेको है बाबा

चरीले टेकेको

बाबाले हैन नि आमाले हैन

भावीले लेखेको

बाबा र ज्यूको नि तीनतले घर

भुल खाँवो फेराउ न  है बाबा

फुल खाँवो फेराउ न

सात डाँडा कटाइ नि दिहालेउ बाबा

घर केटो हेरउ न है बाबा (**स्रोत : पदममाया पराजुली ,बलखु**)

## ४.३.११. धुरुमा धुरु

घुरुमा धघरु नि परेवी घुऱ्यो

तोरीको पाँजैमा नि बाबा

तोरीको पाँजैमा

बाबाले मलाई नि कन्नेदान दिए

मिरमिरे साँझैमा है बाबा

मिरमिरे साँझैमा

कोरिदेऊ आमा नि बाटिदेऊ आमा

फूल लाइदेऊ सिउँदैमा है आमा

फूल लाइदेऊ सिउँदैमा

न्याउली बास्दा नि नरुनु आमा

म आउँछु हिउँदैमा है आमा

म आउँछु हिउँदैमा.......... **(स्रोतः पवित्रा पराजुली, बलखु)**

## ४.३.१२. सिरसिरे डाडाँको फिरफिरे हावा

सिरसिरे डाँडाको फिरफिरे हावा

फरक्कै फिरी नै सरक्कै लागो

यै पछ्यौरीको छेउ

उडी है जाने नि चरी (पन्छी) हैन

आउँदैन च्याँउ ( कुराउनु ) गर्न है बाबा

आउँदैन च्याँउ गर्न

माइतीको माया त लाग्छ नि बाबा

सक्दिन आउन है बाबा

सक्दिन आउन **( स्रोतः लिला वुढाथोकी, बलखु)**

## ४.३.१३. सँगिनी (आख्यानयुक्त)

बबा र ज्यूको नि नौ तले घरमा (शीर्ष बोल )

बाबा र ज्यूको नौ तले घरमा

नवै जोर परेवी है बाबा

नवै जोर परेवी

एकै जोर परेवी दाइजो देऊ बाबा

घुरु नि घुरु  परेवी घुर्दा

जुरुक्क उठ्नेछु बाबा

जुरुक्कै उठ्नेछु

दोस्रो र प्रहर नि परेवी घुर्दा

मै धन्दा छिन्नेछु है बाबा

मै धन्दा छिन्नेछु

तेस्रो र प्रहर नि परेवी घुर्दा

मै पानी ल्याउनेछु है बाबा

मै पानी ल्याउनेछु

के लान्छेऊ चेली नि परेवा दाइजो

कि लैजाऊ चेली नि हात्तीकै दाइजो

न लैजाऊ परेवी है चेली

नलैजाऊ परेवी....... **(स्रोत : राधाकुमारी घिमिरे, बलखु )**

### ४.३.१४ एउटा साथी जङ्गलमा (शीर्ष गीत )

एउटा साथी जङ्गलमा रोइ-रोइ बसेछ

किन रोको सोद्धाखेरि कलम खसेछ

उसको साथी कोही पनि छैन

जङ्गलमा बसेछ

आऊ साथी आऊ सँगै खेल्न जाऊँ.................. **(स्रोत : जुना खड्का, बलखु)**

## ४.३.१५ इन्टु मिन्टु लण्डनमा

इन्टु मिन्टु लण्डनमा

तिम्रो भाइ पल्टनमा

स्कुलको पाले दाइ

टि.नि.नि.नि.नि. झ्याप्प.......................... **(स्रोत : रोनिया कार्की, बलखु )**

## ४.३.१६ यति यति पानी (शीर्ष गीत)

यति यति पानी, गङ्गै रानी

(पैतालादेखि क्रमशः टाउकोसम्म छुँदै )

यति यति पानी, गङ्गै रानी

यति यति पानी, डुमै रानी

यो ढोका के को ?

चाँदीको

यो ढोका के को ?

सुनको

यो ढोका के को ?

पित्तलको

यो ढोका के को ?

टिनको

यो ढोका के को ?

काठको

आमाले बोलाए

जानै दिन्न

बाबाले बोलाए

जानै दिन्न

दाजुले बोलाए

जानै दिन्न

भाइले बोलाए

जानै दिन्न

बैनीले बोलाई

जानै दिन्न

भागेर जाउँ कि छिनाएर जाउँ ?

(छिनाएर वा भागेर जा ) **(स्रोत : सीतादेवी पहाडी, बलखु )**

## ४.३.१७ दशै आयो (शीर्ष बोल )

दशैं आयो खाउँला पिउँला

कहाँ पाउँला

चोरी ल्याउँला

धत्त पापी, म त छुट्टै बसौँला..................... **(स्रोत : रञ्जिता सापकोटा, बलखु )**

## ४.३.१८ यो घर कसको (शीर्ष बोल )

यो घर कसको आलेको

भित्र बाहिर टालेको

बिजुली बत्ती बालेको

भोटे कुकुर पालेको

### ४.३.१९ हुटुटुटु पञ्जा (शीर्ष बोल)

हुटुटुटु पञ्जा

बाघ पञ्जा

कपर्दी खेल्दा क्या मज्जा.............................. **(स्रोत : सविना पौड्याल, बलखु )**

### ४.३.२० बसबस मौरी (शीर्ष बोल)

बसबस मौरी

बुधवार जौली

फूलैफूलको कचौरीमा

महटिपी खाउली **(स्रोत : मुना धमला, बलखु )**

### ४.३.२१ ऐया आमा घैया पाक्यो (शीर्ष गीत )

ऐया आमा घैया पाक्यो चिउरी कुटाइदेउ न

चिउरी खाँदा दाँत दुख्यो दुधले भिजाइदेउ न **(स्रोत : सिताराम अधिकारी, बलखु )**

### ४.३.२२ टपटप टोपी (शीर्ष बोल )

टपटप टोपी लेकको ताना

परबाट आयो कुम्मै राना

तेरो दाजु मेरा दाजु ऐरा गएछन्

ऐराबाट मुसा मारी ल्याएछन्

मुसा मैले चिललाई दिएँ

चिलले मलाई प्वाँख दियो

प्वाँख मैले आरनमा हालें

आरनबाट सियो पाएँ

सियो मैले दर्जीलाई दिएँ

दर्जीले मलाई टोपी दियो

टोपी मैले गोठालालाई दिएँ

गोठालाले मलाई घाँस दियो

घाँस मैले गाईलाई दिएँ

गाईले मलाई दूध दियो

दूध मैले गङ्गालाई चढाएँ

गङ्गाबाट सहर पाएँ

सहर मैले राजालाई दिएँ

राजाले मलाई घोडा दिए

घोडा गयो तिरैतिर

मैलै खाएँ खीरैखीर............................ (**स्रोत : नारदमणि पहाडी, बलखु** )

## ४.३.२३ श्री रामायण भारतपञ्ज बालन

**आरती**

पहिलो हो मा आरती राम प्रभु राम

पुष्पकी माला काली र नाग नाची ल्याऊ ,कृष्ण गुवाला

आरती जय राजा रामचन्द्र कि जय

जय हरहर भक्त कराउनु राम प्रभु राम

दरिसन (दर्शन ) कि जय आरती कि जय

राजा रामचन्द्र कि जय

दोसहरी ( दोस्रो ) आरती राम प्रभु राम

देवरज्युकी नन्द भक्त सुधारुँ है कङ्स कि फन्दा

आरती जय राजा रामचन्द्र कि जय

तेस्रा है मा आरती राम प्रभु राम

त्रिभुवन महि गडुरस सिङ्हासन रामजी कि सही

आरती जय राजा रामचन्द्र कि जय.................. ( **स्रोत : श्याम खत्री, बलखु** )

## ४.३.२४ लिङ्गो सेलाउने

उठन कृष्ण नुवाई धवाई पँधेरामा जाउँन

पँधेराका कृष्णजीलाई भान्सैमा ल्याउँन

स्वर्गलोकमा तिमी छौ मर्त्यकालमा तिमी छौ

आकाशैमा तिमी छौ पातालैमा तिमीछौ

जलमा तिमी छौ थलमा तिमीछौ

तिम्रै पो गर्‍यौं प्रभु नारायाण, तिम्रै गर्‍यौं नारायण

चामल चढाउँ भने मुसलको बिटुलो

के चढाउँ के चढाउँ हरि प्रभुलाई

सदादिन पुष्प चढाउँ

निर्मल जलले वालाको शिर नुहाउँ है

कोटी-कोटी पाप बहाउँ

दुधै र चढाउँ भने बछियाको विटुलो

के चढाउँ हरि प्रभुलाई

सदादिन नैवेद चढाउँ

निर्मल जलले बालाको शिर नुहाउँ है

नारायण कोटी-कोटी पाप बहाउँ

वालगोपाल तिमै शरणमा......................... (**स्रोत : प्रभाकर सापकोटा , बलखु** )

## ४.३.२५. राधे राधे कृष्ण कृष्ण

राधे राधे कृष्ण कृष्ण जपौं मनैमा

छैनन् कृष्ण जपौं मनैमा

छैन्न कृष्ण जानुभो वृन्दावनैमा

यमुनाको निलो जल कृष्ण नुहाउने

हातमा मुरली शिरमा मुकुट कति सुहाउने

राधे राधे कृष्ण कृष्ण......

गोकुल खोज्यौं मथुरा खोज्यौं, खोज्यौं वृन्दावन

सारा संसार खोजी सक्यौं कृष्ण कहाँ छन् ?

राधे राधे कृष्ण कृष्ण.......

कृष्ण कृष्ण कृष्ण भन्ने बानी बसालिदेऊ

तिम्रो घरमा आउँछु कृष्ण बाटो देखाइदेऊ

राधे राधे कृष्ण कृष्ण...................... **(स्रोत : गंगा प्र.गिरी , बलखु )**

## ४.३.२६. दुर्गा माताको भजन

जय जय हो। दुर्गे अम्बे माता

भक्तजनको भाग्य विधाता

शुम्भ निशुम्भ दानव मारी

शान्ति दिने दाता जय जय

दुर्गा रुप धारण गरी

महिषासुरलाई मार्छेउ

अम्बे महिषासुरलाई मार्छेउ

पापीजनको संहार गरी

भक्तजनलाई लान्छेउ

जय हे दुर्गे माता

शुम्भ निशुम्भ दानव मारी

दुर्गेमाता भगवती दक्षिणकाली पनि

जय जय हे दुर्गे माता

शुम्भ निशुम्म कामक्ष र गुजेश्वरी

जगदम्बा भनी

फैलिरहेछ त्रिलोकमा हजार नाउँ तिम्रो

शरणमा छौ जय दुर्गे रक्षा गर हाम्रो

जय जय हे दुर्गे अम्बे माता................ (**सोत गणेश प्र. गिरी , बलखु** )

## ४.३.२७ गङ्गामाइको स्तुति

हर हर गङ्गा माई है हर हर गङ्गामाई

गङ्गा र माइका शिरमा महादेवका जंटा

महादेवका जटाबाट बहिन गंगालाई

हर हर गंगा माई है हर गंगामाई

महा र देवका जटा धारा बहिन गंगा माई

आस्नान (नुहाउनु ) गरुउँ ( गरौं ) गंगा माइलाई

शुचि गरुउँ देही

सवै दुःख दलिद्र छुटाऊ प्रभु मेरै

हर हर गंगा माई है, हर हर गंगा माई

गंगा र माइका तीरनिर काली तुलसालाई

काली जो तुलसैको विरुवा बनेहै

एके र पात तुलसा र दोसरी पाते भइगैछिन्

दोसरी पाते तुलसा त तेसरी भैइगैछिन्

चतुरमुखी आए-ब्रह्मा नारायण

चारपाते तुलसा त पाँचै पाते भैइगइन्

पाँचै र विरुवा एकै र पाते तुलसा त

पाँचै र विरुवा स्वामी पीपल अगस्ति, शङ्क, वेल, तुलसा

हर हर गंगा माई है है हर गंगा माई

गंगा र माईका तीर निर भक्ति र माईको मन्दिरै बन्यो

भक्ति र माइका मन्दिरैमा रिसेसोर (ऋषि )

आई आई प्रदक्षिणा गरेछन्

प्रदक्षिणा गरी गरी धूप र दिप गरेछन्

धुप र दीप गरी गरी चारै वेद पढेछन्

चारै वेद पढी त्यही लीला गरेछन्

रामजी कि औतार नारायण रामजी कि **(स्रोत : पदममाया पराजुली , बलखु )**

### ४.३.२८. असारमास रोपको धान कुन मैना पसाउँछ

असारमास रोपेको धान कुन मैना पसाउँछ

एकचोटी आउँछ अल्लारे जोवान दुनियाँ हसाउँछ

असारमासमा धानलाई रोप्नु त्यो गैरी खेतैमा

तिमी र हामी माये र लाउँन यही हाम्रो भेटैमा

असारमासका खेतालालाई दोपहरे ( खाजा) बाडुँला

मायालाई दिउँला स्पिरिङ छाता भेटेर हिडुँला

असारमासको छिपछिपे हिलो छुनलाई घिन लाग्यो

पातली रानीलाई गुनिउँ किन्दा छवीस रिन लाग्यो
छुपुमा छुपु धानलाई रोप्नु हातमा बिउ दिउँला
अरुलाई दिउँला बोली र वचन मायालाई जिउ दिउँला
धानैलाई रोप्नु लै छुपुछुपु आलीमा मुगिमास
छोरालाई भने अंश र वण्डा छोरीलाई वनीवास
असारमासको दवदवे हिलो मंसिरको पहिलो दाँइ
नमरी बाँचे दैवले साँचे भेट हौला कहिले काइँ............. **(स्रोतः सुमित्रा लुइटेल, बलखु )**

## ४.३.२९. रोप है रोप रोपार्नी नानी

रोप है रोप रोपार्नी नानी पँजाइ दिउँला बिउ
बउसेलाई दिउँला एक रोट दही हलिलाई दिउँला घिउ
सानोमा सानो गाईको बाछो वन चर्छ चर्दैन
म कान्ने केटा तिमी कान्ने केटी मन पर्छ पर्दैन
फलीमा फली मार्सीको चामल असारे रोपाईलाई
अरुलाई मैले बोलाको हैन ज्यूहजुर तपाईंलाई
हिमालेचुली त्यो पल्लोपट्टि गाई पुच्छर डोलाउँछ
खुट्टाको कल्ली हिँड्नु हल्लीको मलाई बोलाउछ
हिमालैचुली त्यो पल्लापट्टि रुख मात्रै सिकिन्छ
उनैको डोरो दुःखीको छोरो मन मात्रै विग्रिन्छ
भातैलाई पाको लै गुदुगुदु दाल पाको लयालु
खोजी है गरे पाउनेमा छैनौं मजस्तो दयालु
खुट्टीमा खुट्टी बुटजुत्ता सिउने मदिसे दनुवार
काँ सम्म तिम्रो यो नरम बोली काँ देख्ने अनुहार

सानोमा सानो कुसुमे रुमाल हातले धुँदैछु

हुक्काको फुली मायालु ठूली तिम्लाई सम्झी रुँदैछु........( **स्रोत : रामप्रसाद सापकोटा, बलखु** )

### ४.३.३० दाइ वरदो

तेरा बाबु झाले बरदो हो.....है

तेरी आमा कैली

कसो गरी छुटाउलास्

मेरो वरदो हो..............

जीवन भयो वैरी

लक्ष्मीको छोरो वरदो.......है

कामधेनुको नाती

हिँड्न लागिस् नि

मेरो बरदो हो

धान पराल माथि

ह....ह...ह...

अल्छीको बल्छी बरदो हो......हे

पाखुरीको जाल

मर्दको दुवाली

मेरो बरदो हो........्

माछाको काल

हा माले, ह झाले

मेहेको टुप्पामा बरदो हो ...है

बसिगयो रुपी

गोरु धपाउने केटाको

मेरो बरदो हो............

उखेलौं कि टुप्पी **(स्रोत : चक्र व. घिमिरे, बलखु )**

### ४.३.३१. मृतात्माको मोक्षका लागि गरिने प्रार्थना

अनाधिनी र्धनोदेव शङ्ख चक्र गदाघर :

अक्षयाँ पुडरी काक्ष प्रेतमोक्ष प्रेमाभव : **(स्रोतः विपुल थापा, बलखु )**

### ४.३.३२ बाटो माथि माटोमुनि

बाटोमाथि बाटोमुनि घैया गोडेकीलाई

नचलाउनु नबोलाउनु पोइले छोडेकीलाई

बलखुका डाँडैडाँडा ढल्क्यो तितेपाती

राम्रा-राम्रा तरुनीका पोइ मरेकै जाती

बलखुका डाँडामाथि धान कुटेको ढुटो

नखाउँ भने करै लाग्छ राले पोइको जुठो............ **(स्रोत : विक्रम तामाङ, बलखु )**

### ४.३.३३ खोजी खोजी ले (ल्याउनु) लाटा खोजी खोजी ले

खोजी खोजी ले (ल्याउनु) लाटा खोजी खोजी ले

बेहुलाकी आमालाई खोजी खोजी ले

खोजी खोजी ले (ल्याउनु) लाटा खोजी खोजी ले

बेहुलाकी भाउजूलाई खोजी खोजी ले

खोजी खोजी ले (ल्याउनु) लाटा खोजी खोजी ले

बेहुलाकी बुयनीलाई समातेर ले

खोजी खोजी ले (ल्याउनु) लाटा खोजी खोजी ले

बेहुलाका आफन्तलाई खोजी खोजी ले

काँ हो लाटो तेरो घर सिस्ने ओडार

आज लाटो भोकै छ है ढिडो ओडार............. **(स्रोत : अञ्जु दहाल, बलखु )**

### ४.३.३४ कहाँबाट आएउ.........

**घर-**

कहाँबाट आएउ जनती मनती कहाँसम्मको दाउ

धरती तमरे भान्जबुहारी केमा टेकी आएउ पाउ

**जन्ती-**

घरबाट आयौँ जनती मनती यहींसम्मको दाउ

धरती हामरे भाञ्जे बुहारी 'विष्णु-विष्णु टेकी आयौँ पाउ

**घ**. कहाँबाट आएउ जनती मनती कहाँ बस्छौ बास

अघि खाका फुरौला घाँटीमा अड्के कहाँबाट फेर्छौ सास

**ज**. घरबाट आयौँ जनती मनती यहाँ बस्छौँ वास

अघि खाका फुलौरा घाँटीमा अड्के नाकबाट फेर्छौं सास

**घ**. कति बाटेउ नाम्ला दाम्ला कति बाटेउ कूचा

कति आएउ बुढापाका कति आएउ फूचा

**ज**. चाहिदै बाटिउँ नाम्ला दाम्ला चाहिँदै बाटिउँ कूचा

चाहिँदै आएउँ बुढापाका चाहिँदै आएउँ फूचा

**घ**. के भनी आएउ मातालाई के भनी आएउ पितालाई

के भनी आएउ देवी देउरालीलाई के भनी आएउ कोसीलाई

**ज**. रतेउली खेल भनी आएउँ मातालाई साथैमा ल्याएउँ पितालाई

ध्वजापतङ्ग चढाई आयौँ देवी देउरालीलाई हरहर भनी आयौँ कोसीलाई

**घ**. तुलसीको लिङ्गो सातै ठाउँ बाङ्गो, सातै ठाउँ लायो चरीले गुँड

यिन यिन चरीको के-हो नाउँ, लाउँछौ अर्थ कि छोड्छौ ठाउँ

**ज** तुलसीको लिङ्गो सात ठाउँ बाङ्गो सातै ठाउँ लायो चरीले गुँड

यिन यिन चरीको हिरामोती नाउँ, लायौँ अर्थ छोड्दैनौ ठाउँ

## जन्ती पक्षले घरगाउँसँग सवाल गर्दै गाउने सिलोक

**ज**. कसकी छोरी सिरी सीता रानी

कसका छोरा राम लक्ष्मण

कसका छोरा वीर हनुमान्

कसका छोरा जुन घाम

**घ**. जनककी छोरी सिरी सिता रानी

दशरथका छोरा लक्ष्मण राम

वायुका छोरा वीर हनुमान

सहस्र उदाए जुन घाम

**ज**.कहाँ बस्छिन् सिरी सीता रानी

कहाँ बस्छन् लक्ष्मण राम

कहाँ बस्छन् वीर हनुमान

कहाँ बस्छन् जुनघाम

**घ**. अयोध्यामा बस्छिन् सिरी सीता रानी

दरवारमा बस्छन् राम लक्ष्मण

जङ्गलमा वस्छन् वीर हनुमान

आकाशमा बस्छन् जुनघाम

**ज**. कति समानकी पोखरी खनायौ

कति समानकी जल

कति समानका इष्ट कुटुम्ब

कति समानको बल

**घ**. कोदाली समानको पोखरी खनायौँ

पोखरी समानको जल

आफू समानकै इष्टकुटुम्ब

बाहाँ (पाखुरा) समानकै बल........................ **(स्रोत : अनिरुद्र पहाडी, बलखु )**

### ४.३.३५ गणितसम्बन्धी सिलोक

**ज**.एकान्त स्थलमा त पोखरी नौ भुइँसी त नौ नौ थिए

तिनका साथमहाँ त घाँस नौ नौ जम्मा बसेकै थिए

हाँसका साथमा त फुल नौ नौ जम्मा भए छन् कति

यसको अर्थ बताउ पण्डितजी हो, रेखा नछोडी रत्ती

**घ**. एकान्त स्थलमा त पोखरी नौ भुइँसी त नौ नौ थिए

तिनका साथ महाँ त हाँस नौ नौ जम्मा बसेकै थिए

हाँसका साथमा त फुल नौ नौ जम्मा भए हुन् कति

यसको अर्थ बताएँ पण्डित भए ६५६१ गनी **(स्रोत : नारदमणि पहाडी, बलखु )**

### ४.३.३६ बालुमा बरु.......

बालुवा बरु तेल खूव वलले पेले कतै आउला

चर्को घाम चुसी चुसी बरु कतै पियास मेटिएला

मुसाको सिल सिलमा बरु कतै संसार घुम्ने गरे

प्राणै देऊ परन्तु मुर्ख कहिल्यै रिझ्दैन कस्तै गरे

होलान् त्यसपछिका मनुष्य कलिका पानी अधर्मी सव

लुच्चा चोर छली कप्टीहरुको खोसी लिने वैभव

मासु खाइ अनेक जन्तुहरुको होलान् पशुझैँ अनि

गगन मैथुन नित्य रात्री दिनमा क्रोधी र कामी बनी

चारै वर्ण विसे हुनेछ कलिमा जसले सक्यो त्यै धनी

होला भेद कुनै गरिव धनीको होवैन केही पनि

भक्षभक्ष विसे विचार जनले त्यागी दिने छन् जव

गम्यागम्य घुमी खुला पशुसरी सम्भोग गर्नन् सब

स्वास्नीकै वशमा हुनन् मनुष्य सब बस्नन् कमारा बनी

सोधि स्त्रीसँग कार्य क्यै गरिन् के गर्नुपर्ला भनी

आज्ञालङ्घन मातृपितृ सबको गर्ननन् दुखाई मन

पत्नीको सबबाट आदर गरी सुन्नन् र जान्नन् जन..............(**स्रोत : रामबहादुर पाण्डे, बलखु**)

## ४.३.३७ नपढेकी चेली ..........

नपढेकी चेली पढेकालाई दिनु' भो

बाबा र आमाले पाप लिनु' भो

स्वामी ज्यूले भन्नु भयो दूधलाई मिलिक

नबुझेर मैले हेरें मुखमा पिलिक्क

नपढेकी चेलीलाई पढेकालाई दिनुभो

बाबा र आमाले पाप लिनुभो.......

अङ्ग्रेजीमा पानीलाई भन्दा रैछन् वाटर

नबुझेर मैले ल्याएँ काँचो कटर

नपढेकी चेलीलाई पढेकालाई दिनुभो

बाबा र आमाले पाप लिनुभो

अङ्ग्रेजीमा भन्दारैछन् केरालाई बनाना

नबुझेर म त घुमे फनन

नपढेकी चेलीलाई पढेकालाई दिनुभो

बाबा र आमाले पाप लिनुभो ................... **(स्रोत : गङ्गा गिरी, बलखु )**

### ४.३.३८. वर्ष दिनको तीजमा

वर्ष दिनको तीजमा बाबा लिन आउनु भो

पठाएनन स्वामीजीले फर्की जानु भो

अलिपर चौतारीमा बस्नुस् मेरा बाबा

स्वामी मन बुझाएर आउँछु बरिलै

सिमसिमे पानी पऱ्यो शिरको टोपी रुझ्दैन

रानी तिम्ले बुझाएर यो मन बुझ्दैन्

वर्ष दिनको तीज घुमिफिरी आइरहने

टाढा माइती जान पाइँन मन रोइरहने तलमाथि वरिपरि दिदी-वुइनी आए छन्

छोरी आइन भनेर नरुनुहोस् आमा

अर्को सालको तीजमा आउँछु वरिलै..................... **(स्रोतः शभद्रा घिमिरे, बलखु)**

### ४.३.३९ बिहानै उठ्छिन्.........

बिहानै उठिछिन् हातमुख धोइछिन्

खेतमा पानी लाएन गएछन् बरिलै

सासू र स्वामीजीले लगाएको वचन

सम्झी सम्झी हिक्क हिक्क रोइछिन् बरिलै

एकैछिन बसेर पानी पनि लाइछिन्

त्यही बेला ठूलो वर्षा भएछ बरिलै

घर जान्छु भनेर अलि ओर लाइछिन्

माथिवड पैरा आई पुर्‍यो बरिलै

रातै थियो गुनिउ चोलो रातै थियो खिन

सत्र वर्षे टुहुरीको गयो जीवन............... **(स्रोत बालकुमारी सापकोटा, बलखु )**

## ४.३.४०. तीजको बेलामा

तीजको बेलामा सबै जान्छन माइत्

आफ्ने माइती मुङ्लान पारि छैन साइत

तीजको बेलामा जान पर्‍यो मेलामा

मै छोरीको आँसु खस्यो वेला-वेलामा

देउरानी र जेठानी दर खान माइतमा

आफूचाहिँ कामधन्धा सवै घरमा

टाढा माइती भनेर सवैले हेपने

दिनरातको दुःख चाहिँ कोइले नदेख्ने

सासू र आमाजूले मेरै कुरा काटने

जति काम गरेपनि राम्रो नदेख्ने.............( **स्रोत : एकामाया गिरी, बलखु** )

## ४.३.४१ भैलिनी आइन्......

भैलिनी आइन् आँगन

गुनिऊ चोलो मागन

हरियो गोवरले लिपेक कि

लक्षमी पूजा गरेऊ कि

हे औसी बारो गाईतिहारो भैलो

हामी तेसै आएनौं

वलिराजाले पठाको

हामी सधैं आउँदैनौ

वर्ष दिनमा एकचोटी

हे औसीवारो गाईतिहारो भैलो

जसले दिन्छ मुठी

उसको सुनको गढी

जसले दिन्छ मानो

उसको सुनको छानो

जसले दिन्छ पाथी

उसको सुनको छाती

जसले दिन्छ मुरी

उसको सुनको धुरी

हे औसीवारो गाईतिहारो भैलो...........( **स्रोत : पम्फाडेमी घिमिरे, बलखु** )

## ४.३.४२. देउसी गीत : एक

| **भट्टयाउने** | **समूह** |
|---|---|
| आ है झिलिमिली झिल्ला | देउसीरे |
| आ है तातो रोटी मिल्ला | देउसीरे |
| आ है झिल्लीमा उडाई | देउसीरे |
| आ है खेल्दै-खेल्दै | देउसीरे |
| आ है जाँदा जाँदा | देउसीरे |
| आ है वलिराजाको | देउसीरे |
| आ है आँगनैमा | देउसीरे |
| आ है पुग्दामा क्यारे | देउसीरे |

आ है वलिराजाले देउसीरे

आ है के को भिल्ला देउसीरे

आ है भनीकन देउसीरे

आ है सोध्दा क्यारे देउसीरे

आ है भनीकन देउसीरे

आ है हामीले पनि देउसीरे

आ है उत्तर दियौं देउसीरे

आ है वर्षे दिनको देउसीरे

आ है तिहारको भिल्ला देउसीरे

आ है मखमली र देउसीरे

आ है सयपत्रीको देउसीरे

आ है भिल्ली उडाई देउसीरे

आ है जाँदा जाँदा देउसीरे

आ है वलिराजाको देउसीरे

आ है लिपेको दलान देउसीरे

आ है कुल्चिन आयौं देउसीरे

आ है आउँदा क्योर देउसीरे

**आसिक**

आ है यसै घरकी देउसीरे

आ है मातारीले देउसीरे

आ है नाङ्लामा देउसीरे

आ है निकाल्नु भयो देउसीरे

आ है मेरा भाई हो देउसीरे

आ है आसिक दिन देउसीरे

आ हौ सुरु गरौं देउसीरे

आ है यसै घरका देउसीरे

आ है पिताजीले देउसीरे

आ है ढुङ्गा छुँदा देउसीरे

आ है सुनै हवस् देउसीरे

आ है माटो छुँदा देउसीरे

आ है अन्नै हवस् देउसीरे

आ है यसै घरमा देउसीरे

आ है गाइगोठ देउसीरे

आ है फस्टाउदै जाउन् देउसीरे

आ है यसै घरका देउसीरे

आ है परवी पन्छी देउसीरे

आ है उड्ढामा क्योर देउसीरे

आ है छानै ढाकुन देउसीरे

आ है यसै घरमा देउसीरे

आ है धनधान्यले देउसीरे

आ है आसिक सबै देउसीरे

आ है थपक्कै लागोस देउसीरे

आ है लेकको काने देउसीरे

आ है औंलाको माने देउसीरे

आ है आसिक दिन देउसीरे

आ है यति नै जाने देउसीरे (**स्रोतः रुद प्र.गिरी, बलखु**)

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१. निष्कर्ष

शैक्षणिक दृष्टिले लोकगीतको उपयोगिता शीर्षकको यस अध्ययन प्रतिवेदनका समस्या उद्देश्य, औचित्य, सीमाङ्कन, अध्ययन प्रतिवेदनका रुपरेखा आदिको परिचय दिइएको छ ।

पहिलो अध्यायमा ओखलढुङ्गा जिल्लाअन्तर्गत बलखु गा.वि.स.को संक्षिप्त परिचय दिइएको छ । यस क्रममा बलखुको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक परिचय, राजनैतिक, प्रशासनिक विभाजन, जनजीवनका बारेमा सामान्य जानकारीका सहयोगले लोकगीतको उपयोगितासँग सन्दर्भित गर्ने प्रयास गरिएको छ ।

दोश्रो अध्यायमा पूर्वकार्यको समीक्षा तथा लोक साहित्यको एक प्रमुख अङ्ग लोकगीतको संक्षिप्त सैद्धान्तिक परिचय दिइएको छ । यस क्रममा विभिन्न उपशीर्षकअन्तर्गत लोकसाहित्यको परिभाषा वर्गीकरण र विशेषता आदिबारे चर्चा गरिएको छ ।

अध्याय तिनमा शोध अध्ययनका विधि र प्रक्रियाका बारेमा अध्ययन गरिएको छ ।

अध्याय चारमा ओखलढुङ्गा जिल्लाअन्तर्गत बलखु गा.वि.स.मा प्रचलित नेपाली भाषाका लोकगीतको सङ्कलन प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा निष्कर्ष, सुझाव र उपयोगिताका सम्बन्धमा चर्चा गरिएको छ । यस क्रममा बलखु गा.वि.स.मा प्रचलित नेपाली लोकगीतहरुलाई प्रथमत : संरचना र सहभागिताका आधारमा वर्गीकरण गरी त्यसको शैक्षणिक उपयोगिता झल्काउने प्रयास गरिएको छ । यस्तो वर्गीकरण अन्तर्गत यहाँका सम्पूर्ण लोकगीतहरु समेटिन नसकेकोमा यहाँका लोकगीतहरुलाई समग्र रुपमा बाह्रमासे गीत कर्मगीत, संस्कारगीत र पर्वगीत गरी जम्मा चार प्रकारमा वर्गीकरण र विश्लेषण गरी सवै प्रकारका लोकगीतको सामान्य परिचय प्रस्तुत गरिएको छ । बाह्रमासे गीत अन्तर्गत पर्ने एकोहोरी, दोहोरी, सँगीनी, बालगीत भजन र वालन जस्ता गीतहरु

यहाँ बाह्रै महिना गाइन्छन् । यस्ता गीतले मानव जीवनका सम्पूर्ण पक्षलाई छोएको हुन्छ । कर्मगीतअन्तर्गत पर्ने असारे दाँइगीतको यहाँ गरिने कामको परिचय दिनुका साथै यहाँको कृषक जीवनमा भोगाइ र मनोदशाहरु व्यक्त भएका हुन्छन् । संस्कार गीतअन्तर्गत पर्ने रत्यौली, सिलोक, खाँडो जस्ता गीतहरुले यस जिल्लाको परमपरित संस्कारको संरक्षण गर्दै आएका छन् । तीज, भैलो देउसीजस्ता पर्वगीतहरुले यस जिल्लामा प्रचलित चाडपर्वहरुको जानकारी गराउँछ । वर्गीकृत लोकगीतहरुमा भाषाको जीवन्त पक्ष कथ्य रुपको प्रभावकारिता बाँचेको र कथ्य रुपमा भाषाको मौलिकता रहने यर्थाथ प्रष्ट्याएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझाव

प्रस्तुतिका दृष्टिले ओखलढुङ्गा जिल्ला अन्तर्गत बलखु गा.विस.मा प्रचलित सवै लोकगीतहरु आ-आफ्नै किसिमका छन् । कुनै गीतहर पुरुषद्वारा मात्र गाइन्छन् । भने कतिपय गीतहरु महिलाहरुले मात्र गाउने गर्दछन् । जस्तै : एकोहोरी, दोहीरी, बालगीत, सिलोक, असारे आदि । यहाँ गाइने कतिपय लोकगीतहरु आख्यानरहित छन् भने कतिपय गीत सूक्ष्म आख्यानात्मक छन् । आख्यानात्मक गीतहरुमा संगिनी वालन,खाँडो जस्ता गीतहरु पर्दछन् । यी गीतहरु कुनै एकल गायनमा आधारित छन् । भने कुनै दोहोरी गायनमा आधारित छन् । त्यसतै कतिपय लोकगीतहरु सामूहिक गायनमा आधारित छन् । तीजे,भैलो,देउसी,संगिनी वालन जस्ता गीतहरु सामूहिक रुपमा गाइन्छन् । भने दाइँ खाँडो आदि गीतहरु एकल रुपमा गाइन्छन् । त्यसतै असारे सिलोक जस्ता गीतहरु चाँही एकलै गाउनुका साथै दोहोरीका रुपमा पनि गाइन्छन् ।

लोकगीतमा पाइने लयगत विविधताले भाषिक विविधता र भाषिक विविधताले भाषिक सिपको विकासमा सहयोग गर्ने हुँदा यसतर्फ गम्भीर भएर लाग्नु पर्ने देखिन्छ ।

## ५.३ उपयोगिता

बलखु गा.वि.स.मा गाइने लोकगीतमा समाजको भावभूमि उतारिएको पाइन्छ । यहाँका लोकगीतहरुमा लोकजीवनका बिरह-वेदना,मिलन-बिछोड घात-प्रतिघात पारिवारिक असन्तुष्टि आर्थिक र प्राकृतिक चित्रण, नारीहरुका बाध्यता र विवशता, गृहस्थी जीवनका तीतामिठा अनुभूतिलाई व्यक्त गरिएको छ । बलखु गा.वि.स.मा गाइने सिलोक जस्ता गीतमा सामाजिक

जीवनको चित्रण कुनै न कुनै रुपमा गरिएको पाइन्छ । समाजनै लोकगीतको सिर्जनास्थल हो । यस्तो सृजना लोकगीतमा नै व्यक्त गरिएको हुन्छ । यो समाजसापेक्ष नै हुन्छ । यसरी सृजनशीलताले संज्ञानका माध्यमबाट भाषाको विकास हुने र सिकाइ गतिमा सकारात्मक भूमिका खेल्ने हुँदा यसको उपयोगिता ठहर्छ ।

समाजमा विद्यमान कृषि पेशा, मानवीय माया-ममता, संयोग-वियोग, युवायुवतीमा हुने प्रेमभाव, बालबालिकाप्रति समाजको चासो, गरिवी, अशिक्षा आदि विषयवस्तको चित्रण, आर्थिक जीवनको चित्रण, लवाई-खवाई सम्बन्धी कुराहरुको चित्रण पनि पाइन्छ । यी गीतमा प्राकृतिक सौन्दर्यको चित्रण पनि जिवन्त रुपमा गरेको पाइन्छ । संरचनाको दृष्टिकोणले हेर्दा उहाँका लोकगीतमा विविधता पाइन्छ । यहाँ प्रचलित कतिपय लोकगीतमा स्थायी र अस्थायी दुवै पाइन्छन्  भने कतिपय लोकगीतमा स्थायी अवस्था देखिदैन् । यहाँ गाइने गीतमा एक पाउमा न्यूनतम दुई तीन अक्षरदेखि लिएर अधिकतम बाइस-चौबिस अक्षरसम्म रहेको पाइन्छ । यहाँका लोकगीतहरुमा न्यूनतम दुई पंक्तिमा हुन्छन् भने अधिकतम विस्तारित गीतको प्रचलन पनि यहाँ देखिन्छ । गीतहरुमा लयवद्ध भाषिक संरचनाले भाषा शिक्षण आवश्यकता पूर्ति गर्ने देखिन्छ ।

अझसम्म पनि नेपाली लोकगीतका छन्द र लयको व्यवस्थित अध्ययन भइनसकेकोले यस सम्बन्धी कतिपय समस्याहरु रहेका छन् । यति हुँदाहुँदै पनि लयगत भेदहरुको पहिचान गर्न स्थायी प्रचलन अनुसार ती लयहरुको नामकरण गरिएको पनि देखिन्छ । ओखलढुङ्गा जिल्ला अन्तर्गत बलखु गा.वि.स.मा प्रचलित लोकगीतमा प्रयुक्त भाषिक स्वरुप पनि आफ्नै प्रकारको छ । यसक्षेत्रका लोकगीतमा कृत्रिमता वा बनावटरहित सरल, सरस, स्वाभाविक भाषाको प्रयोग भएको पाइन्छ । अङ्गेजी, हिन्दी आदि आगन्तुक शब्दको परिवर्तित रुप पनि यी गीतमा प्रयोग भएको देखिन्छ । यहाँका लोकगीत लोकतत्वले भरिएका हुन्छन् र लोक विश्वास, लोकका मान्यता एवम् स्थानीय बोलचालको भाषा,थेगो आदिको प्रयोगले यिनमा रोचकता र कौतुहलता थपिएको देखिन्छ ।

यहाँ सङ्कलित गीतमा प्रयोग भएका अनुकरणात्मक शब्दले श्रुतिमाधुर्य थपेका छन् जसले भाषिक सामर्थ्य र सम्प्रेषणलाई प्रभावकारी पनि बनाउँछ भने निपातको प्रयोगले आभिव्यक्तिलाई तिख्खर बनाएका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने बलखु गा.वि.स.का लोकगीतमा यहाँका स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक स्थितिका साथै लोकमानसका विविध पक्षको चित्रण गरिएको पाइन्छ । त्यसैगरी यिनमा यहाँका मानिसका आँसु-हाँसो, मिलन-विछोड, उत्साह-उमङ्गका भावहरु पनि प्रकट भएका छन् । भाषा शिक्षण अध्ययनले राखेको प्रयोजनपरकताका आधारमा सिप शिक्षण गराउनु पर्ने उद्देश्यलाई लोकगीतले सहयोग गर्ने हुँदा यसको उपयोगितालाई नीतिगत र प्रयोगगत तहबाट व्यवस्थित गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

लोकगीतलाई  संरक्षित गर्दै भाषा शिक्षणमा साहित्यिक सन्दर्भबाट यसको प्रयोग गर्नेतर्फ नीतिगत रुपमा व्यवस्था हुनु जरुरी छ ।

### ५.३.२ प्रयोगगत तह

लोकगीतका विविध सामाजिक, साँस्कृतिक र साँस्कारिक विशेषतासँग सबै परिचित हुनु आवश्यक रहेकाले लोकगीतलाई सर्वसुलभ तरिकाले हरेक क्षेत्रमा प्रचार प्रसार गर्ने प्रायोगिक पक्षलाई ध्यान दिनु आवश्यक छ ।

## ५.४ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू

१) नेपाली शिक्षणमा लोकगीतहरुको नेपाली लोक साहित्यमा योगदान,

२) शैक्षणिक दृष्टिले उखान-टुक्काहरुको अध्ययन,

३) भाषिक सिप विकासमा लोकगीतको महत्व ।